चाडपर्वको संरक्षण र सम्वर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं ।
हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।
मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily .com


जनहितमा जारी सन्देश
- महामारीको रूपमा मङ्कीपक्स आउँदैछ ।
- डेङ्गी र हैजाले पिरलो पारेकै छ ।
- वर्षात्को महीना भएकोले झाडा-पखाला पनि लाग्छ ।
किनकि;
- हामी स्वास्थ्य सतर्कताप्रति संवेदनशील छैनौं,
- शहर र सडक सफा राख्न खोज्दैनौं,
- सतर्क बनौं, विभिन्न व्याधिबाट जोगिन घर-आँगन, सडक र शहर सफा राखौं ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ भदौ १२ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 28 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११

## सेढवाको डिप्रोस लघुवित्तको कार्यालयमा तोडफोड

प्रस, पंचगावाँ, ११ भदौ/

जीराभवानी गाउँपालिका-२ सेढवास्थित डिप्रोस लघुवित्त वित्तीय संस्थाको कार्यालयमा महिलाहरूले मङ्गलवार दिउँसो तोडफोड गरेका छन्।



सेढवास्थित डिप्रोसको कार्यालय ।

लघुवित्त सङ्घर्ष समिति पर्साका अध्यक्ष शिवजी साहको नेतृत्वमा सेढवास्थित डिप्रोस लघुवित्त वित्तीय संस्थाको कार्यालयमा पुगेका महिलाहरूले संस्थाको साइनबोर्ड च्यात्दै कार्यालयमा रहेका उपकरणहरू तोडफोड गरी कागजपत्रहरू बाहिर फर्याँकिदिएका थिए। उनीहरूले डिप्रोस लघुवित्त वित्तीय संस्थाले बचतकर्ताको रकम फिर्ता नगरेको आरोप लगाउँदै सो उपद्रो गरेका थिए।

आक्रमणकारीहरूले मुखमा मास्क लगाएका र महिलासँगै पुरुषको पनि सहभागिता रहेको संस्थाको कार्यालयमा जडान गरिएको सिसिटिभी फुटेजमा देखिएको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग बुढाथापाले बताए। उनले सोही आधारमा पहिचान गरेर थप अनुसन्धान अगाडि बढाइएको बताए ।

शाखा प्रमुख प्रदीप चौधरीले आक्रमणकारीहरूले कार्यालयमा रहेका ऋणसम्बन्धी कागजात, तमसुक, भरपाई कार्यालय कक्षबाट निकालेर बाहिर फर्याँकेको र आर्थिक शाखाका उपकरणहरू तोडफोड गरेको बताए । उपद्रो मच्याएपछि प्रहरीमा खबर गरेको उनले जानकारी गराए ।

घटनामा संलग्न रहेका दुईजना महिलालाई इप्रका, सेढवाले पक्राउ गरेको र उनीहरूलाई इप्रका, पटेर्वासुगौलीमा स्थानान्तरण गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक भारतीले बताए ।

## सिराहाका दुईवटा वित्तीय संस्थामा तोडफोड, आगजनी

*प्रस, सिराहा/*

सिराहा जिल्लास्थित दुईवटा लघुवित्त वित्तीय संस्थामा मङ्गलवार तोडफोड र आगजनी गरिएको छ ।

गोलबजार नगरपालिका वडा नं ७ स्थित सिर्जनशील लघुवित्त वित्तीय संस्था लिमिटेड र सोही स्थानको जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड चोहर्वा शाखामा महिलाहरूको एक समूहले तोडफोडका साथै आगजनी गरेका हुन्।

महिला समूहले वित्तीय संस्थाको कार्यालयमा रहेका कागजात एवं कम्प्युटर, ल्यापटप र मोबाइललगायतका उपकरणहरू आगो लगाएर नष्ट गरिदिएका थिए । करीब २० जनाको समूहमा आएका महिलाहरूले सिर्जनशील लघुवित्त वित्तीय संस्था लिमिटेड कार्यालयभित्रका ल्यापटप दुई थान र टेबलमा भएका सम्पूर्ण कागजात नियन्त्रणमा लिएर जलाएको संस्थाका अध्यक्ष राजकुमार श्रेष्ठले जानकारी दिए।

अध्यक्ष श्रेष्ठका अनुसार ग्राहकजस्तै भएर दुई/तीन जनाका दरले आएका महिलाहरूले एक्कासि कागजात र ल्यापटप नियन्त्रणमा लिएपछि अन्य केही महिला पनि भेला भएर जलाएका थिए।

त्यसैगरी, नजीकै रहेको जीवन

(बाँकी अन्तिम पातामा)

## पोखरियामा ९५ प्रतिशत दलित विद्यालय जान्छन्
## केही दलित बालबालिका संस्थागत विद्यालयमा पढ्छन्

धर्मेन्द्र चौरसिया, पोखरिया, ११ भदौ/

पोखरिया नगरपालिकाका दलित बालबालिकाहरूको सामुदायिक विद्यालयमा ९५ प्रतिशत सहभागिता छ।



पोखरिया नगरपालिका कार्यालय शिक्षा शाखा प्रमुख विजय झाले नगरपालिकाका दलितहरूको सामुदायिक विद्यालयका साथै संस्थागत विद्यालयमा पनि पहुँच रहेको बताए ।

उनले पालिकाका अधिकांश दलित रोजगारमा संलग्न रहेकाले नपाका दलितहरूको पहुँच सामुदायिक विद्यालयका साथै संस्थागत विद्यालयमा पनि रहेको बताए ।

पोखरिया नपाका १ देखि १० वडा क्रमशः वनकटवा, लमरिया दमरापुर, वसन्तपुर, पोखरिया, सतवरिया, श्रीसिया, गोविन्दपुर, जगतपुर, शिवबर्वा बरैया, शिवबर्वामा पासवान, चमार, डोम, तत्वा, मुखियाबिनको बसोबास छ।

यिनीहरू पोखरिया नगरपालिका कार्यालय, वडा कार्यालय, कृषि, स्वास्थ्य, बैंक, विद्यालय, अस्पताल आदिमा सफाइकर्मी, कार्यालय सहायकमा कार्यरत छन् । करार र दैनिक ज्यालादारीमा बढी र थोरै मात्र स्थायी कर्मचारीमा छन् । पोखरिया जिल्ला अस्पतालमा एकजना दलित समुदायबाट अनमीमा कार्यरत छिन्।

सो अस्पतालका सफाईकर्मी र कार्यालय सहायकमा पनि धेरैजसो दलित छन् । पोखरिया नपामा रहेका दलितहरूमध्ये ९८ प्रतिशत जागीरे रहेका छन्। यही कारणले यहाँका दलितहरूको पहुँच शिक्षामा बढेको छ। सञ्जय राउत डोमका दुईजना छोरा छन् र दुवैजना संस्थागत विद्यालयमा पढ्छन् । मदन राउत डोमका पाँचजना नातिनातिनीहरू पनि संस्थागत विद्यालयमा अध्ययन गर्छन्।

यहाँका १० वटै वडामा दलित समुदायको बसोबास छ तर सबैभन्दा बढी वडा नं ४ पोखरिया र वडा नं ५ सतवरियामा दलित समुदाय बस्दै आएका छन्।

## वडाध्यक्ष र सचिवबीच विवाद, कार्यालयमा तालाबन्दी

दिनेस मिश्र, वीरगंज, ११ भदौ/

धोबिनी गाउँपालिका-१ घोडदौरपिपरास्थित वडा कार्यालयमा भदौ ९ गते आइतवारदेखि तालाबन्दी छ ।

वडाध्यक्ष बन्धुसाह तेली र वडासचिव अशोक राउत कुर्मीबीचको विवादमा स्थानीयलगायत वडाध्यक्ष तेलीले तालाबन्दी गराएको आरोप छ। वडाध्यक्ष तेलीले वडासचिव कुर्मी कार्यालयमा नियमित नआउने र सेवाग्राहीले आफूलाई कुरा सुनाउने गरेको आरोप लगाएका छन्। उनले वडासचिवको यस प्रकारको गतिविधि सुधारका लागि आफूले सुझाएको तर नमानेका कारण अहिले बोलचाल बन्द भएको बताए । वडासचिव कुर्मीसँग आफ्नो बोलचाल नरहे पनि विभिन्न माध्यमबाट यसका बारेमा जानकारी पाए पनि सचिव कुर्मीले समयमा आएर सेवाग्राहीहरूको काम नगरेको र आलटाल गरेकाले यस्ता समस्या देखिएको वडाध्यक्ष तेलीले बताए।

वडासचिव कुर्मीले आफू नियमितरूपमा कार्यालयमा आउने गरेको तर विभिन्न बहानामा वडाध्यक्षले हेप्ने गरेको बताए। उनले आफूलाई बदनाम




गर्नकै लागि वडाध्यक्षले आफ्नो मानिस लगाएर वडा कार्यालयमा तालाबन्दी गराएको आरोप लगाए। गापाध्यक्ष मदन चौहानले वडा कार्यालयमा भएको तालाबन्दीबारेमा आफूसमक्ष कुरा आएको र दुवैलाई मिलाएर ताला खोल्ने प्रयास गरिरहेको बताए। उनले दुवैजना घटनाका दोषी भएको बताए ।

आइतवारदेखि वडा कार्यालयमा तालाबन्दी भएपछि सेवाग्राहीहरूलाई भने अहिले सेवा लिन समस्या भएको छ ।

## दुई दलीय गठबन्धन होइन, ठगबन्धन हो –अध्यक्ष साह

प्रस, वीरगंज, ११ भदौ/

आम जनता पार्टीका अध्यक्ष एवं सांसद प्रभु साहले नेपाली काङ्ग्रेस र नेकपा एमालेको दुई दलीय अनैतिक गठबन्धनले मुलुक बर्बाद हुन लागेको टिप्पणी गरेका छन् ।

काठमाडौंस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा मङ्गलवारदेखि शुरू भएको आजपाको केन्द्रीय कमिटी बैठकमा बोल्दै अध्यक्ष साहले दुई दलीय गठबन्धनको सरकारले भ्रष्टाचारीलाई संरक्षण गरेको आरोप लगाए ।




उनले विचार, सिद्धान्त केही पनि नमिल्ने काङ्ग्रेस र एमालेले गठबन्धन गरेको चर्चा गर्दै निर्वाचनमा दुई छुट्टाछुट्टै गठबन्धन गरेर जनतासँग मत मागेका तर सत्तास्वार्थले एक भएर अहिले भ्रष्टाचारीलाई जोगाउन लागिपरेको आरोप लगाए । उनले भ्रष्टाचारीलाई जोगाउनका लागि बनेको दुई दलीय ठगबन्धन भएको आरोप लगाए ।

गिरी बन्धु टी-स्टेट, वाइडबडी, यती, ओम्नी, भुटानी काण्ड, बालमन्दिर, डेडिकेटेड र ट्रङ्कलाइनदेखि टेरामक्सलगायतका काण्डैकाण्डले बदनाम सरकारका प्रधानमन्त्रीले यो सरकारले दालभात मात्रै खान्छ, घूस खाँदैन भन्नु हास्यास्पद अभिव्यक्ति भएको कटाक्ष गरे । उनले गौरा पर्वमा टुडिखेलमा जनताले नेताहरूविरुद्ध गरेको नाराबाजीलाई नैतिकता नभएको भनेर भन्ने अधिकार नेताहरूलाई नभएको टिप्पणी गरे ।

दुई दलीय गठबन्धनको सरकारले संविधान संशोधनका लागि गठबन्धन

(बाँकी अन्तिम पातामा)

## अध्यक्षमा मुखिया सर्वसम्मत चयन

प्रस, पंचगावाँ, ११ भदौ/

पटेर्वासुगौली गापास्थित नेरामावि निचुटामा सर्वसम्मत विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन भएको छ ।

समितिका ज्येष्ठ सदस्य सुब्बाप्रसाद यादवको अध्यक्षतामा सोमवार बसेको बैठकले विपिन मुखियालाई सर्वसम्मत अध्यक्ष चयन गरेको छ ।



यस अघि समितिका सदस्यहरूमा सुब्बाप्रसाद यादव, मुकदेव देवान, हुस्नेहरा खातुन, महिला सदस्य नजमुन खातुन, चन्दादाता सदस्य अखिलेश चौधरी, शिक्षाप्रेमी सदस्य मुनियादेवी थरुनी, शिक्षक प्रतिनिधि सदस्य राजुप्रसाद यादव र सदस्यसचिव मधुकान्तप्रसाद चौधरी निर्वाचित भएका थिए ।

सदस्यहरूको हिजो बसेको बैठकले मुखियालाई अध्यक्षमा सर्वसम्मत चयन गरेको ज्येष्ठ सदस्य यादवले बताए ।

**विचारसार र सूक्तिहरू**

**काँडा झिकेपछि हिंड्न जुन मजा आउँछ, त्यति नै मजा अहङ्कार निस्केपछि जिउनमा आउँछ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com

# प्राधिकरणको गोएबल्स शैली

**'गोएबल्स शैली' वा 'गोएबल्स नीति' प्रचारबाजी अवधारणा हो। यस अवधारणालाई विशेषरूपमा नाजी जर्मनीका प्रचारमन्त्री जोसेफ गोएबल्सको नाममा राखिएको हो। यो शैली वा अवधारणाको मुख्य सूत्र भनेको झूटको दोहोऱ्याइ हो। एक झूटलाई सत्य हो भन्दै बारम्बार दोहोऱ्याइयो भने, मानिसले त्यसलाई सत्य मान्न थाल्नेछ। यसको विपरीत यदि कुनै साँचो कुराको पनि पर्याप्त प्रचार गरिएन भने मानिसहरू त्यसलाई झूटको रूपमा हेर्न थाल्छन्। अर्थात् साँचो कुरालाई पनि गलत हो भन्दै प्रचार गरिएमा त्यसलाई मानिसहरू गलत नै सम्झिन थाल्नेछन् र त्यसको प्रभावसमेत न्यून हुँदै जानेछ।**

**गोएबल्स नीतिले विचार र विश्वास निर्माणमा प्रचारको भूमिका अत्यन्त महत्त्वपूर्ण छ भनेर मानेको छ। प्रचारका माध्यम भनेको छापा, रेडियो, टिभी, सामाजिक सञ्जाललगायत हुन सक्छन्। यो शैलीको प्रयोग तथा प्रचारबाजी र हल्लाहरूले सत्य र झूटको सिमानालाई अस्पष्ट, अलमल तथा द्विविधामा पारिदिन्छ। यो शैली सभ्य र सत्य समाज निर्माणका लागि बाधक हो। यतिबेला हाम्रो मुलुकमा प्रचार तथा हल्लाको खूबै प्रयोग भइरहेको छ। सरकार, राजनीतिक दल, सामाजिक सङ्घसंस्थाका साथै सरकारी निकाय र एकाइहरूसमेत प्रचारको पछाडि दौडिरहेका छन्। अहिले चर्चामा रहेको नेपाल विद्युत् प्राधिकरणलाई लिन सकिन्छ। प्रचारबाजीमा प्राधिकरण कमर कसेर लागेको छ। प्राधिकरणको प्रगति, प्राधिकरण यति अर्ब नाफामा, प्राधिकरणले यसो गऱ्यो, उसो गऱ्यो जस्ता बखानहरू समाचारमा नआएको दिन सायदै नहोला। पछिल्लो प्रचार आएको छ– १० वर्षको तुलना गर्दा विद्युत् खपत दर तीन गुणाले वृद्धि भयो। "प्राधिकरणको यो ठूलो सफलता हो, गाउँटोलका घरघरसम्म बिजुली पुगेको छ, प्राधिकरणको ठूलै मेहनतको परिणाम हो," आदि इत्यादि बखान गर्ने माध्यमहरूको अभाव छैन। लोडसेडिङमुक्त छ भन्ने नारा त पुरानो भइसक्यो। जुनसुकै कारणले होस् लाइन कटिनु वा विद्युत् अवरुद्ध हुनु सर्वसाधारण उपभोक्ताका लागि लोडसेडिङ हो। गाउँको कुरा नगरौं वीरगंज महानगरका पनि कतिपय क्षेत्रमा अझै सम्साँझै र राति एक घण्टाभन्दा लामो अवधिसम्म बिजुली गायब हुन्छ। झिप्प–झिप्प जाने आउने त कति हो कति।**

**झुपडीसम्म बिजुली त्यसै पुगेको छैन, पालिकाले दिएको पोल उपभोक्ताले काँधको छाला जाने गरी बोकेर कुना कन्दरामा पुऱ्याएका छन्। पालिकाले पनि सहयोग नगरेका कतिपय स्थानमा गाउँले हालेको काठको पोल अझै चल्दैछ। प्राधिकरणले शासकीय शैलीमा आफ्नो कर्मचारीलाई आदेश गर्न जानेको छ, "जहाँ काठको पोल छ, त्यहाँ लाइन नदेऊ, काट।" केही प्रमुख लाइनहरूमा मात्रै विद्युत् प्राधिकरणको पोल हो, अन्यत्र पोल छैन भने बिजुली पनि छैन। विद्युत् प्रसारण लाइनको १०० मिटर दूरीमा पोल नपाएर घर अँध्यारो भएको प्रमाण पर्सा जिल्लामा धेरै छ। प्राधिकरण सेवाप्रदायक संस्था हो, विद्युत्को व्यापारी हो, तर योगदान के छ त ? जोड्नका लागि कर्मचारी पठाइ दिंदैमा पुग्छ। प्रसारण लाइनका तारहरूसमेत उपभोक्ताको विकास बजेट कटौती गरेर पालिकाले खरीद गरिदिएका छन्। विद्युत्को उत्पादन वृद्धि, गाउँहरू शहरीकरण, जनसङ्ख्या वृद्धिलगायतका कारण खपत बढ्नु ठूलो कुरा होइन। समाजमा सबै पूर्वाधार निर्माणपछि प्राधिकरणले कुनै चामत्कारिक सुधार गऱ्यो र खपत बढ्यो भयो भने त्यो मात्रै उल्लेखनीय हुनेछ।**

# विश्वास कसको गर्ने ?

**स्वतन्त्र विचार**



**विनोद गुप्ता**

**यस लेखमा तीनवटा राष्ट्रिय महत्त्वका मुद्दाहरूलाई साझा सवाल बनाउने प्रयास गरेको छु। FNCCI का अध्यक्षले नेपालमा ILO को सहयोगमा श्रम सम्बन्ध राम्रो भएको दाबी गरिरहँदा पश्मिना, तयारी पोशाक, बियरबाहेक अन्य उद्योगहरूको क्षमता उपयोग ४० प्रशितभन्दा मुनि किन छ ?**

२०२४ को बिजनेस एज पत्रिका पढ्ने क्रममा भेटिएका केही विचार गर्नुपर्ने कुराहरू तथा द काठमाण्डु पोस्टमा जुलाई १६ मा प्रकाशित अच्युत वाग्लेको Data Cooking in Government Surveys र त्यही पत्रिकाको जुलाई २६ मा हेमराज रेग्मीको Wealth Distribution Among Provinces पढ्दा मनमा उठेका केही जिज्ञासाहरू यस अङ्कमा उल्लेख गर्न गइरहेको छु। सर्वप्रथम त बिजनेस एज पत्रिकाको पृष्ठ ९ को Voices शीर्षकमा FNCCI का अध्यक्ष चन्द्रप्रकाश ढकालको ILO को कन्भेन्सन र रेगुलेशनको पालनाले गर्दा नेपालमा रोजगारदाता एवं श्रमिकहरूबीच सुमधुर सम्बन्ध छ र त्यसै कारणले यताका वर्षहरूमा गम्भीर प्रकृतिका श्रमिक समस्या नेदिएको भनाइ राखेका सम्बन्धमा नेपालमा उद्योगहरूको कुल गार्हस्थ्य उत्पादनमा योगदान वर्ष २०००–०१ मा ९.४६ प्रतिशत रहेकोमा अहिले घटेर ४ प्रतिशत पुगेको र त्यसैगरी राष्ट्र बैंकको तथ्याङ्क अनुसार सन् २०१२–२२ सम्मको उत्पादनशील उद्योगहरूको क्षमता उपयोग ४० प्रतिशत नाघ्न नसकेको र झन् चिनी उद्योगको त गत वर्षसम्मको जम्माजम्मी २० प्रतिशत रहेकोतर्फ सबैको ध्यान आकृष्ट गराउन चाहन्छु। दोस्रो त्यही पत्रिकामा गोकर्ण अवस्थीको Reflectin on Nepal's 20 Years in WTO पढ्दै गर्दा हामीजस्तै बङ्गलादेश र कम्बोडिया पनि WTO को सदस्य भएर महत्त्वपूर्ण उपलब्धि हासिल गरेकाले उनीहरूकै प्रणालीलाई मापदण्ड मानेर अगाडि बढ्नुपर्ने सुझाव अत्यन्तै विचारोत्तेजक लाग्यो भने लेखको अन्त्यमा नेपालको निजी क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ८१ प्रतिशतको योगदान रहेको र कुल रोजगारको ८६ प्रतिशत निजी क्षेत्रले उपलब्ध गराएको छ। साथै कुल निर्यातमा समेत यसले ९६ प्रतिशतको योगदान दिएको उल्लेख गरेको पढ्दा केही प्रश्न स्वाभाविकरूपले मनमा उठ्यो र त्यो के भने यो तथ्याङ्कले नै निजी क्षेत्रलाई उद्योग–व्यापार गर्न सरकारले मनग्गे छुट दिएको छ भन्ने बुझिन्छ। यसो भए पनि निजी क्षेत्रले नै सधैं सुविधा पुगेन भनेर रोइलो गरिरहनुपर्ने कुनै कारण देखिन्छ र ? हामी सबैले बुझ्नुपर्ने कुरा के हो भने अल्प विकसित र विकासशील मुलुकहरूमा अप्रत्यक्ष करको दर न्यून र प्रत्यक्ष करको दर बढी हुनुपर्दछ भन्ने संसाधनको न्यायपूर्ण वितरणको सामान्य सिद्धान्त हो। तर नेपालको सन्न्दर्भमा २०१५ देखि समानान्तर भई हिंडेका दुवै करको सङ्कलन २०१८ देखि अप्रत्यक्षको ६० डिग्रीको कोण बनाउँदै माथि उक्लेको र प्रत्यक्ष कर सामान्य मात्र उकालो लागेर हिंडेको देखिन्छ। यसबाट पनि ठूलाबडाहरूले न्यूनतम आय भएका आम नागरिकको सामाजिक न्यायको बेवास्ता गरी बढीभन्दा बढी लाभ लिंदै, अरू पाउन आवाज उठाएको बुझ्न सकिन्छ।

अब लागौं, द काठमाडौं पोस्टको २६ जुलाईको हेमराज रेग्मीको लेखतर्फ। उनी तथ्याङ्क विभागमा तथ्याङ्कविद हुन् र उनको यस आलेख अनुसार नेपालको सम्पत्ति वितरण तथ्याङ्कले प्रदेशस्तरमा पर्याप्त असमानता देखाउँछ। जस्तै कर्णालीका ५१.३ प्रतिशत घरधुरी निरपेक्ष गरीबीको रेखामुनि र ४ प्रतिशत मात्रै धनाढ्य समूहमा रहेका छन्। त्यसैगरी सुदूरपश्चिमको ३३.९ प्रतिशत गरीबीमा र ८ प्रतिशत धनाढ्य वा सम्पन्न वर्गमा छन्। बाँकी सबै विपन्न वर्गमा परेका छन्, जबकि वाग्मती प्रदेशमा ३९ प्रतिशत सम्पन्न वर्गमा रहेका छन्। त्यो तथ्याङ्कले बजेटको बाँडफाँडमा हुने गरेको फोहोरी खेललाई आम जनतासामु छर्लङ्ग पारेको छ।

अब अन्तमा कुरा गरौं अच्युत वाग्लेको लेखमा उठाइएका केही सार्थक तथ्याङ्क र विचारहरूबारे। आफ्नो यस लेखमा उनले सर्वप्रथम नेपाल लिभिङ स्टयान्डर्ड–४ बारे चर्चा गर्दै लेखेका छन्। यसका लागि जुन तथ्याङ्क सङ्कलन गरिएको थियो त्या कुल घरधुरीको ०.१४ प्रतिशत मात्र हुन आउँछ। यसलाई अब १५ भौगोलिक क्षेत्रमा विभाजित गर्दा प्रत्येक क्षेत्रमा ६४० वटा घरधुरीको मात्र सर्वे भएको देखिन्छ। यो बलियो आधार बनाउन अत्यन्तै अपर्याप्त छ। त्यसैगरी चौथो नेपाल लिभिङ स्टयान्डर्ड सर्वे (NLSS–IV)को प्रक्षेपण अनुसार नेपालमा रेमिटयान्स प्राप्त गर्ने परिवारको सङ्ख्या २०२१ मा ७६.८ प्रतिशत पुगेको छ जुन २०११ मा ५६.८ प्रतिशत मात्रै थियो। तर जनगणना २०७८ का अनुसार कुल विदेशिनेहरूको सङ्ख्या करीब २.१६९ मिलियन अर्थात् करीब २१ लाख रहेको छ। जनगणनाको यो तथ्याङ्कको आधारमा NLSS–IV को ६.७६१ मिलियन अर्थात् करीब ६७ लाख घरधुरीको ७६.८ प्रतिशत अर्थात् ५.१९२ मिलियन वा करीब ५१ लाख घरधुरीले रेमिटयान्स प्राप्त गर्ने आधार नै देखिंदैन। अहिले नेपालमा दैनिक रु २०० अर्थात् १ डलर बराबरको नेरु १३३/– ले १.५ डलर प्रतिदिनभन्दा घटी आय भएकालाई गरीब मानिएको छ। यसको गणनासमेत सन्तोषप्रद नभएको दाबी गर्दै वाग्लेले आफ्नो लेखमा २०१०–११ मा २५.६ प्रतिशत रहेको गरीबी २०२२–२३ मा ३.५७ मा झरेको उल्लेख गरिएको जनाउँदै यसै रिपोर्टको अघिल्लो पाराग्राफमा नेपालमा २०.२७ प्रतिशत गरीबी रहेको उल्लेख भएकोमा समेत प्रश्न उठाएका छन्।

यस लेखमा तीनवटा राष्ट्रिय महत्त्वका मुद्दाहरूलाई साझा सवाल बनाउने प्रयास गरेको छु। FNCCI का अध्यक्षले नेपालमा ILO को सहयोगमा श्रम सम्बन्ध राम्रो भएको दाबी गरिरहँदा पश्मिना, तयारी पोशाक, बियरजस्ता केही वस्तुबाहेक अन्य उद्योगहरूको क्षमता उपयोग ४० प्रशितभन्दा मुनि किन छ ?

दोस्रोमा हेमराज रेग्मीको Wealth Distribution Data गणतन्त्रमा पनि यस्तो विधि नाजायज ढङ्गबाट भइरहेको छ भने यो कसरी सप्रिने र तेस्रो अच्युत वाग्लेले नेपाल जीवनस्तर सर्वेक्षण र जनगणनाकै तथ्याङ्कमा देखापरेको फरकबारे वास्तविकता बाहिर ल्याई सार्वजनिक गर्ने कुनै निकाय यो देशमा छ कि छैन ? यसबारे सम्बन्धितहरूको स्पष्ट धारणा नआउनुको अर्थ के हो भने नेपालको विकासको बाटोमा विनियोजन र योजना तथा विकासजस्ता शब्दहरू काम्लो ओढेर घ्यू पिउने निहु मात्र हुन्। वास्तविकतासँग यिनको कुनै लिनुदिनु छैन।

प्रसङ्गवश प्रतीक दैनिक यस वर्षको वर्गीकरणमा समेत 'क' वर्गमा पर्न सफल भएकोमा विस २०८१ भदौ १ गतेदेखि ३८ औं वर्ष प्रवेश गरेको शुभ अवसरमा समेत निरन्तरता र स्तरीयताको लागि प्रतीक परिवारको लगनशीलता र परिश्रमको सराहना गर्नैपर्दछ। साथै यस वर्ष पुरस्कृत हुने पत्रकार विमला गुप्ता, धर्मेन्द्र चौरसिया र कार्यालय सहयोगी तोरेत अहमदलाई समेत हार्दिक बधाई।

# मन्त्रीलाई ज्ञापन, महानिर्देशकलाई बर्खास्त गर्न माग

प्रस, वीरगंज, ११ भदौ/

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको असफलता र निर्माणमा भएको भ्रष्टाचारप्रति असन्तोष व्यक्त गर्दै राष्ट्रिय एकता अभियानले मङ्गलवार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेलाई ज्ञापन पत्र बुझाएको छ।

राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवको नेतृत्वमा आज मन्त्रालयमा बुझाइएको ज्ञापन पत्रमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणका क्रममा ठूला भ्रष्टाचार र प्रविधिक त्रुटिहरू भएको आरोपसहित नागरिक उड्डयन प्राधिकरणाका महानिर्देशक प्रदीप अधिकारीलाई तत्काल बर्खास्त गर्न माग गरेको छ। अधिकारीको नेतृत्वमा भएको अनियमितता र असक्षमताले देशको प्रतिष्ठित परियोजनालाई गम्भीर संकटमा ज्ञापनमा उल्लेख छ।

विमानस्थल उद्घाटन भएको डेढ वर्ष बितिसक्दा पनि पूर्ण रूपमा सञ्चालनमा आउन नसक्नुमा नागरिक उड्डयन प्राधिकरणको असक्षमता मुख्य कारक रहेको ज्ञापन पत्रमा उल्लेख छ। ज्ञापन पत्रले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको व्यवस्थापनमा देखिएको ढिलाइ र अन्यौलले सम्पूर्ण नेपाली जनताको गौरवमा आँच पुऱ्याएको भन्दै यसमा संलग्न सबैलाई कानुनी दायरामा ल्याउन स्वतन्त्र छानबिन टोली गठन गर्न माग गरेको छ। साथै, विमानस्थलको सफल संचालनका लागि नागरिक उड्डयन प्राधिकरणले स्पष्ट र ठोस कार्ययोजना सार्वजनिक गर्नुपर्ने माग गरिएको छ।

ज्ञापन पत्रमा नागरिक उड्डयन प्राधिकरणको समग्र कार्यसम्पादनलाई सुधार गर्न आवश्यक स्रोत, साधन, र




प्रविधिको पर्याप्त व्यवस्थापन गर्न सरकारलाई सुझाव दिइएको छ। विमानस्थलको भविष्यमा प्रभावकारी सञ्चालन सुनिश्चित गर्न आवश्यक कदम चाल्नुपर्ने माग गर्दै, राष्ट्रिय एकता अभियानले सरकारलाई यस विषयलाई अब नजरअन्दाज गरिए कडा आन्दोलनको चेतावनी समेत दिएको छ।

# रोजगार सृजना गर्न मधेस सरकार लागिपरेको छ –मुख्यमन्त्री सिंह

महेन्द्रनगर (धनुषा), ११ भदौ/रासस

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले प्रदेशमा सुशासन, प्रभावकारी सेवाप्रवाह तथा रोजगार सृजना गर्ने पक्षमा वर्तमान सरकार लागिपरेको बताएका छन्।

मङ्गलवार मुख्यमन्त्री सिंहले प्रेस स्वतन्त्रता सेनानी एवं वरिष्ठ पत्रकार स्वर्गीय राजेश्वर नेपालीको प्रथम पुण्यतिथिको अवसरमा जनकपुरधाम उपमहानगरपालिका–२३ बेलामा वृक्षारोपण अभियानको शुभारम्भ गर्दै नकारात्मक कुरालाई मात्र समाचारको विषय बनाएको खण्डमा सिङ्गो समाज नै नकारात्मक बन्ने भएकाले सकारात्मक सोचका साथ पत्रकारिता गर्नुपर्नेमा जोड दिए।




उनले गलत व्यक्तिका क्रियाकलापका कारणले सङ्घीयतालाई बदनाम गराउने कुचेष्टा भएपनि जनताका घरदैलोमा सेवासुविधा प्रदान गर्ने सङ्घीय गणतन्त्र जस्तो अरू कुनै शासन व्यवस्था नभएकोले सङ्घीयताको पक्षमा कलम चलाउनका लागि पत्रकारहरूलाई आग्रह गरे।

मुख्यमन्त्री सिंहले स्वर्गीय राजेश्वर नेपालीले सधैं लोकतन्त्र तथा गणतन्त्रका लागि सङ्घर्ष गरेको बताउँदै उनको निर्भीक पत्रकारिता अहिलेका युवापुस्ताका पत्रकारका लागि प्रेरणाको स्रोत बनेको बताए।

सङ्घीयताको संस्थागत विकासका लागि जनताले सङ्घीयताको अनुभूति गर्नेगरी प्रदेश सरकारले काम गर्न चाहेको उनले उल्लेख गरे। जनकपुरधाम उपमहानगर–२३ का अध्यक्ष राघवेन्द्रप्रसाद साहको अध्यक्षतामा भएको सो कार्यक्रममा मुख्यमन्त्री सिंहले वरको वृक्ष रोपेर वृक्षारोपण अभियानको शुभारम्भ गरे।

जनकपुरधाम–भिठामोड चार लेन विद्यापति सडक जनकपुरधामको बेला पुलबाट महोत्तरीको बनौली मोडसम्म आँप तथा चम्पाको फूल गरेर ४५० वटा बिरुवा रोप्ने कार्यक्रम रहेको वडा नं २३ का अध्यक्ष साहले बताए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# खानेपानी सङ्कट समाधानका लागि एकजुट हुनुपर्छ -मन्त्री यादव

प्रस, वीरगंज, ११ भदौ/

खानेपानीमन्त्री प्रदीप यादवले र चुरेको दोहनले मधेसमा चापाकलहरू सुक्नुलाई जलवायु परिवर्तनका गम्भीर अर्यालले कर, बिजुली र इन्धनमा छुटको व्यवस्था गर्नुपर्ने माग गर्दै खानेपानीका




देशभरिमा खानेपानी समस्याको समाधानका लागि एकजुट भएर लाग्नुपर्ने बताएका छन् ।

चितवनको पर्यटकीय क्षेत्र सौराहामा सोमवार आयोजित खानेपानी तथा सरसफाइ क्षेत्रको सवाल र समाधान विषयक राष्ट्रिय गोष्ठीमा मन्त्री यादवले जलवायु परिवर्तनका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र यसले निम्त्याएका समस्याहरूको समाधानका लागि समग्र देशको सहभागिता अपरिहार्य रहेको बताए ।

उनले सेता हिमाल काला हुँदै हिउँ पग्लनु, पहाडमा पानीका मुहान सुक्न थाल्नु प्रभावहरूका रूपमा औंल्याएका थिए । उनले देशभर जलस्रोतको वैज्ञानिक अध्ययन गरी आवश्यक कदम चाल्नुपर्नेमा जोड दिए । मन्त्री यादवले विश्वले निकट भविष्यमा पानीकै कारण ठूलो चुनौती सामना गर्नुपर्ने अवस्था आउने देखिएको बताउँदै नेपालले समस्या गम्भीर बन्नु अघि नै सजग हुन आवश्यक रहेको बताए ।

खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक रामकुमार श्रेष्ठले खानेपानी उपभोक्ता समितिहरूलाई व्यावसायिक उद्देश्य राखेर अघि बढ्न आग्रह गरे । महासङ्घका अध्यक्ष राजेन्द्र सबै पहलमा समन्वय आवश्यक रहेको बताए ।

गोष्ठीमा विभिन्न निर्माण तथा मर्मत कार्य, पाइप बिछ्याउने समन्वय र अन्य चुनौतीहरूबारे चर्चा गर्दै विशेषज्ञहरूले गुणस्तरीय खानेपानी उपलब्ध गराउनुपर्नेमा जोड दिएका थिए ।

सोही अवसरमा मन्त्री यादवले चितवनमा रहेका विभिन्न खानेपानी आयोजनाहरूको अनुगमन गर्दै आयोजनाहरूलाई प्रभावकारीरूपमा सञ्चालनका लागि निर्देशन पनि दिएका थिए ।

# संसदीय समितिमा प्रस्तावित १७ राजदूतविरुद्ध नौवटा उजूरी

काठमाडौं, ११ भदौ/रासस

विभिन्न देशका लागि प्रस्तावित १७ राजदूतविरुद्ध संसदीय सुनुवाइ समितिमा नौवटा उजूरी परेका छन् । समितिको मङ्गलवारको बैठकमा प्रस्तावित राजदूतविरुद्ध उजूरी परेको जानकारी दिइएको हो ।

उजूरीमाथिको सुनुवाइ यही भदौ १४ गतेबाट थाल्ने गरी कार्यतालिका तय भएको समिति सभापति ईश्वरीदेवी न्यौपानेले जानकारी दिइन् । "विभिन्न देशका लागि नेपाली राजदूत बन्न सरकारद्वारा प्रस्तावित व्यक्तिहरूका सम्बन्धमा नौवटा उजूरी परेका छन्, अब उजूरीकर्तालाई समितिसमक्ष उपस्थित गराइ उजूरीको विषय र त्यसको औचित्य स्पष्ट पार्न लगाउँछौं," उनले भनिन्, "त्यसका साथै प्रस्तावित व्यक्तिलाई बोलाएर छलफल गर्नेलगायतका काम गरी सुनवाइ प्रक्रिया सम्पन्न गर्ने विषयमा संसदीय सुनुवाइ समितिको कार्यविधि २०८० को दफा १५ बमोजिम कार्यतालिका परिमार्जन गरी पारित गरिएको छ ।"

समितिको आजको बैठकमा सांसदहरूले राजदूत नियुक्ति समावेशी हुन नसकेको धारणा राखे । सांसदहरू पशुपति शमशेर जबरा, ज्ञानेन्द्रबहादुर कार्की, जनार्दन शर्मा, प्रकाश अधिकारी, आनन्दप्रसाद ढुङ्गाना, लीलानाथ श्रेष्ठ, ईश्वरी घर्ती, महेशकुमार बर्तौला, भगवती न्यौपानेलगायतले सरकारले राजदूत सिफारिश गर्दा दलित, मधेसी, मुस्लिमलगायत समुदायको सहभागिता सुनिश्चितता हुन नसकेको विषय उठाएका थिए । समितिले यस अघि नै सरकारलाई राजदूत नियुक्तिमा संविधानले व्यवस्था गरे अनुसारको समावेशिता कायम गर्न भनेकामा कार्यान्वयन हुन नसकेको पनि उनीहरूको भनाइ छ ।

गत साउन १४ गतेको मन्त्रिपरिषद् बैठकले विभिन्न मुलुकका लागि १७ जना राजदूत सिफारिश गरेको थियो । सरकारबाट सिफारिश भएका व्यक्तिमाथि संसदीय सुनवाइका लागि समितिले गत साउन ३० गते सार्वजनिक सूचना जारी गर्दै कुनै उजूरी वा गुनासो भए १० दिनभित्र समितिमा पेश गर्न भनेको थियो । यसरी सिफारिश भएका राजदूतहरूविरुद्ध परेका उजूरीहरू आज समितिमा खोलिएका हुन् ।

सरकारले चीनका लागि प्राडा कृष्णप्रसाद ओली, डेनमार्कका लागि सुम्निमा तुलाधर, जर्मनीका लागि डा शैल रूपाखेती, गणतन्त्र भारतका लागि डा शङ्करप्रसाद शर्मा, इजरायलका लागि प्रा धनप्रसाद पण्डित, मलेशियाका लागि डा नेत्रप्रसाद तिमल्सिना र पाकिस्तानका लागि रीता धिताललाई सिफारिश गरेको छ । यस्तै, पोर्चुगलका लागि प्रकाशमणि पौडेल, कतारका लागि रमेशचन्द्र पौडेल, रूसी महासङ्घका लागि जङ्गबहादुर चौहान, साउदी अरबका लागि नरेशविक्रम ढकाल, दक्षिण अफ्रिकाका लागि प्राडा कपिलमान श्रेष्ठ, दक्षिण कोरियाका लागि डा शिवमाया तुम्बाहाम्फे, स्पेनका लागि सनिल नेपाल, श्रीलङ्काका लागि रामकृष्ण भट्टराई, संयुक्त अधिराज्य बेलायतका लागि चन्द्रकुमार घिमिरे र संयुक्त राज्य अमेरिकाका लागि लोकदर्शन रेग्मी सिफारिश भएका छन् ।




**सडकबीचमा फहराइरहेका नेपालको झन्डा :** जलेश्वर-जनकपुर सडकखण्ड अन्तर्गत महोत्तरी जिल्लाको पिपरा गाउँपालिका क्षेत्रमा सडकबीचमा फहराइरहेका नेपालको राष्ट्रिय झन्डा । झन्डाले सडक क्षेत्रमा आकर्षण थपेको छ । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# वडाध्यक्षद्वारा प्रमुख प्रशासकीय अधिकृतलाई ज्ञापन

प्रस, परवानीपुर,११ भदौ/

वीरगंज महानगरका-२६ सुगौलीबिर्ताका वडाध्यक्ष शम्भु मिश्र



नेतृत्वमा मङ्गलवार वीरगंज महानगरका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईलाई चार सूत्रीय माग राख्दै टोलीले ज्ञापनपत्र बुझाउँदै चारवटा माग पूरा गराउन माग गरेका थिए । चार बुँदे मागसहितको ज्ञापनमा वडा ज्ञापनपत्र बुझाइएको छ ।

वडाध्यक्ष, वडा सदस्य, स्थायी, करार, ज्यालादारी कर्मचारीसहितको कार्यालयको पुरानो भवन जीर्ण भएर नयाँ भवन निर्माणको क्रममा रहेको तर भुक्तानी अभावले ठेकेदारले काममा ढिला गरेको, कम्प्युटर अपरेटर तथा दैनिक ज्यालादारीमा काम गर्ने सरसफाइ कर्मचारीको तलबभत्ता अविलम्ब व्यवस्था गर्न माग गरिएको छ ।

सफाइ कर्मचारीले तलबभत्ता नपाउँदा सरसफाइ एवं फोहोर सङ्कलनमा समस्या आएको भन्दै सोको अविलम्ब व्यवस्था मिलाउन आग्रह गरिएको थियो । गत आव २०८०/८१ मा वडा कार्यालयले खर्च गरेका बिलहरूको भुक्तानी अहिलेसम्म नभएको भन्दै सोको व्यवस्था मिलाउन पनि वडाध्यक्ष मिश्रले आग्रह गरेका थिए । ज्ञापनपत्र बुझेपछि मागहरू सम्बोधनको लागि आफूले पहल गर्ने प्रप्रअ भट्टराईले प्रतिबद्धता व्यक्त गरे ।

# बजार छपकैया धारा जडानमा विवाद

प्रस, परवानीपुर, ११ भदौ/

वीरगंज महानगर-१ बजार छपकैयामा धारा जडानको विषयमा विवाद भएको छ । लक्ष्मीनारायण मन्दिर



नजीकै केही दिन अघि जडान भएको एक इन्चको बोरिङ (धारा) जडानमा विवाद भएको हो ।

वडा सदस्य पिन्टुसाह कानूले पहिलेदेखि धारा रहेको सोही स्थानमा अर्को धारा जडान गरेको स्थानीय अरुणकुमार गुप्ताले गुनासो गरे । उनका अनुसार डेढ वर्ष अघिदेखि खानेपानी संस्थानबाट सो स्थानमा धारा जडान भएकोमा अहिले वीरगंज महानगरको बजेटमा सोही स्थानमा धारा जडान गरिएकोले टोलवासीहरूलाई नपचेको बताए ।

उनले आफ्नो घरको चापाकल गत वैशाख महीनामा सुकिसकेको र पानीको हाहाकार भए तापनि वडा सदस्यलाई भन्दासमेत धारा जडान नगरेको तर एउटै स्थानमा दुईवटा धारा जडान गरेर

(बाँकी अन्तिम पातामा)

# नेप्से परिसूचकमा निरन्तर गिरावट

काठमाडौं, ११ भदौ/रासस

यो सातामा कारोबारको दोस्रो दिन पनि पूँजीबजारमा उच्च अङ्कको गिरावट देखिएको छ । आइतवार ७९ दशमलव ८८ अङ्कले घटेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक मङ्गलवार



१११ दशमलव ९६ अङ्कले घटेर दुई हजार ७८२ दशमलव ६० को बिन्दुमा कायम भएको छ ।

आज नेप्से परिसूचक तीन दशमलव ८६ प्रतिशतले घटेको हो । आज ३३० कम्पनीका चार करोड ३८ लाख ६८ हजार ९७० कित्ता शेयर दुई लाख ३४ हजार ३६० पटक खरीद-बिक्री हुँदा रु १८ अर्ब ६४ करोड ९५ लाख ३३ हजार १७० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

होटल तथा पर्यटन समूह शून्य दशमलव ४३ प्रतिशतले बढेको छ भने अरू सबै समूहका उपसूचक घटेका छन् । सबैभन्दा धेरै बैंकिङ चार दशमलव ९२, विकास बैंक चार दशमलव १८, वित्त चार दशमलव ६९ र लगानी समूह चार दशमलव १३ प्रतिशतले घटेका छन् ।

त्यस्तै, जलविद्युत् तीन दशमलव ९६, जीवन बीमा तीन दशमलव ६५, उत्पादन तथा प्रशोधन दुई दशमलव ९३, लघुवित्त दुई दशमलव ९६, म्युचुअल फन्ड एक दशमलव ०९, निर्जीवन बीमा दुई दशमलव ४५, व्यापार दुई दशमलव १६ र अन्य समूह तीन दशमलव ८५ प्रतिशतले घटेका छन् ।

तारागाउँ रिजेन्सी होटल लिमिटेड, आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड र दोल्ती पावर कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ६५ करोड ४२ लाख नौ हजार ५८२ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने अपि पावर कम्पनी लिमिटेडको १४ लाख ५९ हजार ४५० बराबरको कारोबार भएको छ ।




**घडीअर्वा पोखरीमा विपत्को अभ्यास :** सशस्त्र प्रहरी बल नेपाल १३ नं गण पर्साले मङ्गलवार वीरगंजको घडीअर्वा पोखरीमा विपत् र उद्धारको पूर्वतयारीको अभ्यास गर्दै । गणले बिहीवारसम्म विपत् तथा उद्धारसँग सम्बन्धित पूर्वअभ्यास गर्ने जनाएको छ । सो अभ्यासमा नेपाली सेनाको पनि सहभागिता छ । तस्बिरः हिमाल लम्साल/रासस

# त्यो रुन्चे सुमनको 'कमेडी' यात्रा

कुम्भराज राई, काठमाडौं, ११ भदौ/रासस

"तँ त साह्रै रुन्चे थिइस्, अहिले कसरी बोलेरै मान्छे हँसाउने भइस् है ?"

ठूलो बुबाकी छोरी (दिदी) को यो



प्रश्नले सुमनलाई अझै लज्जित बनाउँछ। आजभन्दा २३–२४ वसन्त अघि गाउँलेहरू शौच गर्न बाँसको झ्याङ, खोला, खोल्सी र कान्लातिर धाउँथे। सरसफाइ नहुँदा पखालाले गाउँलेका धेरैको ज्यान लिन्थ्यो।

ओखलढुङ्गाको मानेभञ्ज्याङ गाउँपालिका–२ बाक्साको ठूलाबारी गाउँ। गाउँभन्दा तल सुसाइरहने दूधकोशी। गाउँको सिरानमा उभिएको बडेमान लिब्जु डाँडा। बाक्सामा भर्खरै एउटा अभियान चलेको थियो, 'घरमा चर्पी बनाउने, चर्पीमा शौच गरिसकेपछि र खाना खानुअघि साबुन पानीले हात धुने। नङ काट्ने, दाँत माझ्ने।' यो अभियान बालबालिकामा केन्द्रित थियो।

प्रत्येक साता गाउँको चोकमा केटाकेटी जम्मा पारिन्थ्यो। यी सबै नियम पूरा गर्नेले कापी कलम पाउँथे। त्यही लहरमा साबुनपानीले हात मिचेर, नङ सफा चट पारी, दाँत माझिसकेपछि इँ गर्दै ङिच्च दाँत देखाउन पुगेका थिए सुमन कार्की। उनले पनि कापी कलम पाए। फुरुङ भए। सङ्कट त त्यति बेला आइलाग्यो जब अगाडि उभ्याएर उही दिदी (ठूलो बुबाकी छोरी) ले स्वास्थ्य अभियानबारे केही बोल्न लगाइन्।

सुमनलाई शुरूमा त बोल्ने साहस जागेको थियो। सधैं तँ तँ, म म गर्ने गाउँकै साथीहरूको अघिल्तिर उभिइसकेपछि त सबै पराइझैं लागे। मुटु चीसो भयो र कोखा घोच्यो। फोक्सोको आकार बढेर छातीभित्र अटेन। शरीर काँम्न थाल्यो। वाक्य बन्द भयो। शरीरमा पसिनाको मूल फुट्यो थाल्यो। अनि एक्कासि भक्कानो छुट्यो। बोल्नुको साटो क्वाँक्वाँ रुन थाले। अनि वक्ताको जिम्मेवारीबाट सुमनले उन्मुक्ति पाए। "भयो भयो न रो"–दिदीले भनिन्–"तैंले बोल्नु सकिनस्।" तर यो घटनाले सुमनलाई झन्डै एक साता सतायो। बाख्रा चराउन जाँदासमेत साथीभाइले देख्लान् कि भनेर लुक्नुपर्‍यो। कारण केही थिएन, थियो त केवल साथीभाइले जिस्काउँछन् भन्ने डर। विद्यालयमा त झन् निहुरमुन्टीमैं केही दिन बित्यो।

हो, त्यही सुमन कार्की अहिले युवा पुस्ताका उम्दा हास्य कलाकार (कमेडियन) हुन्। हुनत उनी 'करिअर'को यात्रामैं छन्। थाहा छैन शिखरमा पुग्छन् कि पुग्दैनन्। तर नेपाली हास्यव्यङ्ग्य क्षेत्रको आधार शिविर टेकिसकेका छन्। दर्शकसामु परिचित भइसकेका छन्। "म सानो छँदा बुबालाई किन झिसमिसेमैं निद्राले छोडेको होला जस्तो लाग्थ्यो"–सुमनले भने–"त्यो त जिम्मेवारीले पो रहेछ। अहिले आएर बुझें।"

एक दशक अघिका शुरूआती दिनमा सुमनलाई आनन्दै थियो। "हुन्छ भने हुन्छ, हुँदैन भने केही गरौंला भन्ने लाग्थ्यो। अब त अर्को क्षेत्र रोज्न पनि गाह्रो। 'करिअर'को यो चरणमा दबाब महसूस हुने रहेछ। आफूलाई 'अपग्रेड' गर्दै यही क्षेत्रमा टिक्नुपर्ने चुनौती छ"–उनी भन्छन्।

सुमनका बुबा बल–उमेर हुन्जेल मजदूरीका लागि भारततिर धाइरहन्थे। सुमनलाई पनि बालखैमा केही वर्ष भारत लगे। उताबाट फर्केपछि गाउँकै मनकामना माविमा एकैचोटि कक्षा ३ मा भर्ना भए। खान लाउनै नपुग्ने पहाडका पाखा रेखा छाडेर सुख खोज्दै कक्षा ४ पढिसकेपछि बुबा मोरङको रतुवामाई नगरपालिका–९ मा बसाइँ सरे।

सुमनका एक दाजु र एक बहिनी छन्। पढाइमा सामान्य सुमनले २०६५ सालमा फलामे ढोका एलएलसी पार गरे। अनि त्यहींको कलेजबाट १० जोड दुई पढे। त्यति बेला रेडियोको लोकप्रियता धेरै थियो। रेडियोमा फोन गर्ने श्रोतासमेत चर्चित हुन्थे। गाउँमैं रेडियो सुनाखरी सञ्चालन हुने तयारीबारे सुनेपछि सुमनको खुट्टा एकै सेकेन्ड भुइँमा अडिएन। रेडियोसम्बन्धी तालीममा सहभागी भए।

तालीम सकिएपछि १० जना छनोट गर्ने प्रक्रियामा सामेल भए। तर उनी छनोटमा परेनन्। छनोटमा नपरे पनि उनले रेडियो स्टेशन धाउन छाडेनन्। "म चाहिं त्यत्तिकै धाइरहें घरबाट साइकल पेलेर। मलाई विज्ञापनमा बोल्न पो दिहाल्छन् कि, नाटक खेल्न पो दिन्छन् कि भनेर आस लाग्ने नि त", हालैको एक दिन अनामनगरस्थित मण्डला थिएटरमा कफीको चुस्की लिंदै सुमनले विगत स्मरण गरे–"रेडियोमा गइरहेपछि सबैले चिने। पछि काम गर्न बोलाए।"

त्यसपछिका तीन वर्ष सुनाखरी रेडियोको माइक्रोफोनसँग बित्यो सुमनको। गाउँको रेडियोमा 'अलराउन्डर' भूमिका। जेनेरेटर चलाउनेदेखि, प्राविधिक, कार्यक्रम प्रस्तोता, समाचारवाचक, विज्ञापन बनाउनेलगायत सबै। रेडियोको 'क्रेज' क्रमशः ओरालो लाग्दै थियो। सुमनले स्नातक उत्तीर्ण गरे। मूल सपना कलाकार बन्नु थियो, दर्शकमाझ चिनिनु थियो। त्यसका लागि एकपटक सङ्घीय राजधानीमा पाइला राख्नै थियो।

### कलाकार बन्ने धोको

सुमनका हजुरबुबा भारतीय गोर्खा सैनिक। भर्तीबाटै ल्याएका थिए रेडियो। झिसमिसेमैं चराचुरुङ्गीको चिरबिरसँगै रेडियो 'अन' हुन्थ्यो। रेडियो नेपालको शंख ध्वनिले सुमनको निद्रा भाग्थ्यो। रेडियोमा सुनेका नाटक, विज्ञापनका संवादहरू जस्ताको तस्तै सुनाउँदा साथीहरू हाँस्थे। नाटकका संवाद हुन् या कृषि कार्यक्रमको 'हरि शरणम्' ठ्याक्कै पार्थे सुमन।

यो रेडियोमा कसरी बोल्ने होला ? कस्ता मान्छेले बोल्ने होला ? यस्ता जिज्ञासाको जवाफ पाउन चाहिं सुमनले दशकौं कुर्नुपर्‍यो। काकाको बिहेमा वाक्सादेखि ओखलढुङ्गा सदरमुकाम जन्ती जाँदा पहिलोपटक टिभी देखेका थियो। तर त्यो पनि कार्टुनभित्र। टिभीमा मान्छे देखिन्छ रे भन्ने सुन्दा कस्तो देखिन्छ होला भन्ने हुटहुटीले पोलिरहन्थ्यो।

सानोमा उटपट्याङ उत्तिकै आउने सुमनलाई। गोठालो जाँदा गाउँलेको गोरु जुधाउनेदेखि भाले जुधाउनमा माहिर। जसरी भए पनि कसैले मलाई चिनोस् भन्ने मनमा लाग्नु नै शायद सुमनको कलाकार बन्ने अदृश्य चाहना थियो। त्यही चाहनाले सुमनलाई आज यहाँसम्म डोर्‍याएको हुनुपर्छ।

बुबाआमाले तराई झारेपछि पनि घरमा टिभी किन्ने आर्थिक हैसियत थिएन। छिमेकी वा गाउँले कहाँ गएर हेर्नुपर्ने। "एकाएक निखिल उप्रेतीको 'ब्लाइन्ड फ्र्यान' भइयो"–सुमन सुनाउँछन्–"निखिलजस्तो बन्न भित्ता, छानामा झुन्डिनेदेखि खेतको कुनै आली बाँकी रहेन उल्टीसुल्टी जिन्म्यास्टिक हान्ने कामले।"

निखिललगायत कलाकार भेट्न एसएलसी पास गर्नेबित्तिकै एउटा झोला भिरेर काठमाडौं हानिए। उनलाई लाग्थ्यो काठमाडौं कत्रो होला र ? बढीमा विराटनगर जत्रो त होला ! त्यत्रो फिल्म खेल्ने कलाकार त काठमाडौंमा बाटोमैं छ्यापछ्याप्ती भेटिएलान्। भेट्ने हो, कुरा गर्ने हो, फोटो खिच्ने हो। सके फिल्म खेल्ने प्रस्तावै गरौंला। तर काठमाडौं टेकिसकेपछि थाहा भयो, काठमाडौं र मोरङका शहरबीचको भिन्नता। महीनौंसम्म कुनै सडक र गल्लीमा उनले टेलिभिजनका पर्दामा देखिने कलाकारको छायासम्म भेटेनन्। कलाकार भेट्ने भूत ओर्लियो र फेरि उही रतुवामाई फर्के।

रेडियो सुनाखरीमा उनी एउटा कमेडी कार्यक्रम प्रस्तुत गर्थे। उनी रेडियोमा मात्र सीमित थिएनन्। माइक भेटिने जति कुनै कार्यक्रम बाँकी नराख्ने। गाउँका पुराणदेखि पशुचौपायासम्बन्धी शिविरमा समेत केही न केही सुनाएर मान्छे हँसाउने। "पूर्वमा राष्ट्रिय कलाकार सहभागी हुने सांस्कृतिक कार्यक्रममा त 'ओपनिङ' मा सानो प्रस्तुति राख्न पाए मात्रै संसार जितेझैं लाग्ने। अझ कुनै कुनै आयोजकले पोस्टरमा सानो फोटो राखिदिंदा खुशीको सीमा नहुने"–कफीको अन्तिम सुर्को तानेपछि उनले भने।

स्थानीय रेडियोमा काम गर्ने रहर पूरा भएपछि अब स्नातकोत्तर पढ्ने र सके कलाकारिता गर्ने सोचले उनले काठमाडौं जाने योजना बुने। तर काठमाडौंमा नका आफन्त कोही थिएनन्। कहाँ जाने ? कहाँ बस्ने ? योजना सुनाइरहँदा एकदिन इटहरीस्थित

(बाँकी पाँचौं पातामा)



**अलपत्र अवस्थामा प्राङ्गारिक मल उद्योग तथा बायोग्याँस उद्योग :** आवश्यक व्यवस्थापन नहुँदा अलपत्र अवस्थामा रहेको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका–२ सोल्मास्थित ओखरबोटेमा स्थापना गरिएको प्राङ्गारिक मल तथा बायोग्याँस उद्योग। नेपाल सरकार, अर्थ मन्त्रालयको विशेष अनुदानबापत रु तीन करोड ३२ लाख तथा नगरपालिकाको रु एक करोड ५६ लाखको लगानीमा स्थापना गरिएको प्राङ्गारिक मल तथा बायोग्याँस उद्योग विसं २०७७ चैत २१ गते उद्घाटन गरिएको थियो। तस्बिरः केदार मगर/रासस

## फरक समाचार

# विश्व डुब्नेछ, केही पनि बाँकी रहनेछैन

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घको चेतावनी– बढ्दो समुद्री सतहले विश्वको लागि ठूलो खतरा खडा गरेको छ। संयुक्त राष्ट्रसङ्घका महासचिवले चाँडै यो सङ्कट यस्तो तहमा पुग्ने चेतावनी दिएका छन्, जहाँबाट फर्कन सम्भव हुनेछैन।



संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले विश्वलाई अर्को जलवायु चेतावनी (SOS) जारी गरेका छन्। यसमा उनले समुद्रमा तीव्र गतिमा बढ्दो पानीको सतह, विशेषगरी प्रशान्त क्षेत्रमा अधिक जोखिममा रहेका टापु देशहरूको उल्लेख गरेका छन्। उनले भने, "हाम्रो महासागर बचाउनुहोस्," उनले भने, "समुद्रको सतह बढ्दै जानु पूर्णतया मानवनिर्मित सङ्कट हो। यो सङ्कट चाँडै नै अभूतपूर्व स्तरमा पुग्नेछ, त्यति बेला हामी सुरक्षितरूपमा फिर्ता जान केही बाँकी रहनेछैन।

**द्रुतरूपमा बढ्दै समुद्री सतह**

संयुक्त राष्ट्रसङ्घ र विश्व मौसम सङ्गठनले सोमवार समुद्रको सतह बढेको प्रतिवेदन सार्वजनिक गरेको छ। पृथ्वीको बढ्दो तापक्रम र हिमनदी पग्लने कारणले समुद्री सतह तीव्र गतिमा बढिरहेको छ। उनीहरूले दक्षिण–पश्चिम प्रशान्त क्षेत्रमा बढ्दो महासागर, महासागरको अम्लीकरण र महासागरका गरम छालहरू र जलवायु परिवर्तनका अन्य प्रभावहरूबारे प्रकाश पारे। गुटेरेसले सामोआ र टोंगाको भ्रमण गरे र मङ्गलवार टोंगाको राजधानीबाट प्यासिफिक टापु फोरमको बैठकमा जलवायु परिवर्तनसम्बन्धी अपील गरे। फोरमका सदस्य राष्ट्रहरू जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित छन्। उनले भने, "यो अनौठो अवस्था हो।"

गुटेरेसको कार्यालयले तयार पारेको प्रतिवेदनले टोंगाको राजधानी नुकु अलोफा नजीकैको समुद्री सतह सन् १९९० र २०२० को बीचमा २१ सेन्टिमिटरले बढेको पाइएको छ, जुन विश्वव्यापी औसत १० सेन्टिमिटरभन्दा झन्डै दोब्बर हो। सामोआको अपियामा समुद्री सतह ३१ सेन्टिमिटरले बढेको छ भने फिजीको सुवा–बीमा २९ सेन्टिमिटरले बढेको छ।


**राष्ट्रसङ्घले स्वच्छ हावाको लागि अपील गरेको छ**

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले हालै विश्व स्तरमा वायुलाई स्वच्छ बनाउन सबै देशलाई बढीभन्दा बढी लगानी गर्न अपील गरेका छन्। उनले भनेका छन्, "विश्वको ९९ प्रतिशत जनसङ्ख्याले प्रदूषित हावामा सास फेरिरहेका छन्। जसका कारण विश्वमा हरेक वर्ष ८० लाख मानिस अकाल मृत्युको शिकार हुने गरेका छन्। यी मृतकमध्ये पाँच वर्षभन्दा कम उमेरका मृत्यु हुने सात लाख बालबालिका छन्।"

# कोभिड–१९ खोप नाकभित्र दिइनेछ

कोभिडबाट सुरक्षाको लागि नाकभित्र दिइने खोप चाँडै आउँदैछ। वैज्ञानिकहरूले दाबी गरेका छन् कि नाकमा दिइने खोपले सुईभन्दा धेरै छोटो समयमा रोग प्रतिरोधात्मक क्षमता बढाउँछ।

कोरोना भाइरसको त्रास अझै सकिएको छैन। यसबाट बच्ने एकमात्र उपाय खोप नै हो। भर्खरै इन्डियन इम्युनोलोजिकल लिमिटेड (IIL)ले मङ्गलवार घोषणा



गर्‍यो कि उसले कोभिड–१९ विरुद्ध इन्ट्रानासल भ्याक्सिन विकास गरेको छ। यो नयाँ औषधि अस्ट्रेलियाको ग्रिफिथ युनिभर्सिटीसँगको सहकार्यमा विकसित गरिएको हो र यो खोप सुईविना नाकबाट लिन सकिन्छ।

आइआइएलका प्रबन्ध निर्देशक के आनन्द कुमारले यो उपलब्धि कोभिड–१९ विरुद्धको लडाइँमा महत्त्वपूर्ण कदम भएको बताए। यो खोपमार्फत हामी खोपको दर बढाउन र धेरैभन्दा धेरै मानिसलाई बचाउन चाहन्छौं, उनले एक विज्ञप्तिमा भने।

**नयाँ खोप, नयाँ आशा**

यो नयाँ इन्ट्रानासल खोप कोभिड–१९ विरुद्धको नयाँ प्रविधि हो। यसको विकास प्रक्रियामा ग्रिफिथ विश्वविद्यालय र आइआइएलले संयुक्तरूपमा नाकको खोप विकास गरेको छ, जुन सुईविना नाकबाट सीधैं दिन सकिन्छ। यो खोप विशेषगरी सुईबाट डराउने वा नियमित खोप लगाउन कठिनाइ हुनेहरूका लागि लाभदायक हुन सक्छ।

**खोपका फाइदा र चुनौतीहरू**

आइआइएलका अनुसार कोभिड–१९ बाट हुने मामिला र मृत्युको सङ्ख्या अझै पनि चिन्ताको विषय हो। कम्पनीको विज्ञप्ति अनुसार विश्वभर कोभिड–१९ का कारण हरेक हप्ता करीब एक हजार सात सयजनाको मृत्यु भइरहेको छ। यसैले नयाँ र सुविधाजनक खोप विधिको आवश्यकता अझ महत्त्वपूर्ण हुन्छ।

इन्ट्रानासल खोपले खोप प्रक्रियालाई सरल मात्र बनाउँदैन खोपको दर पनि बढाउँछ। खोपको यो नयाँ विधिले मानिसहरूलाई खोप लगाउन थप सहजता र सुविधा हुनेछ, जसले महामारीविरुद्ध लड्न मदत गर्नेछ।

प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना सीमित गर्दै अस्ट्रेलिया सरकार

क्यानबेरा, ११ भदौ/सिन्हवा

अस्ट्रेलियाली सरकारले सन् २०२५ मा विश्वविद्यालय र व्यावसायिक शिक्षा प्रदायक माझ नयाँ अन्तर्राष्ट्रिय विद्यार्थी



भर्ना दुईलाख ७० हजारमा सीमित गर्ने मङ्गलवार घोषणा गरेको छ।

घोषणा अनुसार अस्ट्रेलियाले आगामी नयाँ वर्षमा सार्वजनिक वित्त पोषित विश्वविद्यालयमा एक लाख ४५ हजार व्यावसायिक शिक्षा र प्रशिक्षण (भिइटी) क्षेत्रमा ९५ हजार तथा अन्य विश्वविद्यालय र गैरविश्वविद्यालय उच्च शिक्षा प्रदायकहरूमा ३० हजार अन्तर्राष्ट्रिय विद्यार्थीलाई अनुमति दिनेछ।

शिक्षामन्त्री जेसन क्लेयरले विश्वविद्यालयलाई सन् २०१९ को तुलनामा १५ प्रतिशत बढी अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना गर्न अनुमति दिइने तथा भिइटी प्रदायकका लागि २० प्रतिशतले कटौती गरिने जनाएका छन्।

उनले निर्धारित सीमा, संसद्ले पारित गर्ने बताउँदै अन्तर्राष्ट्रिय विद्यार्थीको सङ्ख्या सन् २०१९ भन्दा सात हजारले कम र २०२३ भन्दा ५३ हजार कम गर्ने जानकारी दिएका छन्।

घोषणा अनुसार अन्तर्राष्ट्रिय विद्यार्थीको कोटा पूरा गर्न असफल हुने संस्थाहरूले रिक्त पदहरू अन्य संस्थानहरूमा स्थानान्तरण गर्न सक्छन्।

घोषणा शिक्षा प्रणालीलाई अझ प्रभावकारी र निष्पक्षरूपमा स्थापना गर्न प्रयत्नशील रहेका केही विश्वविद्यालयलाई मात्र नभई सम्पूर्ण क्षेत्रलाई लाभान्वित गर्ने क्लेयरले उल्लेख गरे।

यस अघि सत्तारूढ लेबर पार्टीले सन् २०२२-२३ मा अस्ट्रेलियाको कुल आप्रवासन सङ्ख्या पाँच लाख २८ हजार बाट घटाएर सन् २०२४-२५ सम्म दुई लाख ६० हजार बनाउने रणनीतिसहित अन्तर्राष्ट्रिय विद्यार्थी सङ्ख्या सीमित गर्ने योजना घोषणा गरेको थियो।

गत जुलाईमा सरकारले अन्तर्राष्ट्रिय विद्यार्थी भिसा आवेदन शुल्क ७१० अस्ट्रेलियन डलरबाट दोब्बर बढाएर एक हजार ६०० अस्ट्रेलियन डलर बनाएको छ।

गैरसरकारी संस्था युनिभर्सिटीज अस्ट्रेलियाका प्रमुख कार्यकारी ल्युक सिहीले अगस्तको सिनेट सुनुवाइमा विश्वविद्यालयको अर्बौं डलर राजस्व खर्च गर्ने र १४ हजार रोजगार जोखिममा पार्ने जनाएका थिए।

उनले अन्तर्राष्ट्रिय विद्यार्थीले गत वर्ष अस्ट्रेलियाको कुल गार्हस्थ्य उत्पादनको आधाभन्दा बढी हिस्सा ओगटेको बताउँदै लगभग उनीहरूले नै राष्ट्रलाई मन्दीबाट जोगाएको उल्लेख गरे।

सरकारी तथ्याङ्क अनुसार सन् २०२३ मा अस्ट्रेलियाको अर्थतन्त्रमा अन्तर्राष्ट्रिय शिक्षाको मूल्य ४७.८ बिलियन अस्ट्रेलियन डलर थियो। रासस

## जलवायु परिवर्तनविरुद्ध तत्काल कदम चाल्न आवश्यक

नुकुआलोफा, टोङ्गा, ११ भदौ/एएनआई

टोङ्गाको नुकुआलोफामा आयोजित पत्रकार सम्मेलनमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले तीन हजार वर्षमा नदेखेको विश्वव्यापी समुद्री सतहमा अभूतपूर्व वृद्धिलाई उल्लेख गर्दै जलवायु परिवर्तनविरुद्ध तत्काल आवश्यक कदम चाल्न विश्व नेताहरूलाई आह्वान गरेका छन्।

मुख्यतया जीवाश्म इन्धनको व्यापक प्रयोगले विश्वव्यापी तापक्रम साथसाथै समुद्री सतहको वृद्धि निम्त्याइरहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

गुटेर्रेसले विश्व मौसम विज्ञान सङ्गठनको अध्ययन र संयुक्त राष्ट्र जलवायु कार्य टोलीको प्रतिवेदन दुवैले बारम्बार गम्भीर समुद्री तातो छालहरू, अधिकतम समुद्री तापमान र बढ्दो तटीय बाढीका साथ समुद्री परिवर्तनहरू तीव्र हुँदै गएको सङ्केत गरेको बताए।

"प्रशान्त टापूका राष्ट्रहरू गम्भीर खतरामा छन्। दक्षिणपश्चिमी प्रशान्त महासागरमा सापेक्षिक समुद्री सतह विश्वव्यापी औसतभन्दा पनि बढी बढेको छ। यसले विश्वभरका तटीय क्षेत्रलाई खतरामा पार्दै हामी सबैका लागि बढ्दो समुद्री समस्या निम्त्याउने छ। प्रशान्तलाई बचाउनु नै हामी आफू बाँच्नु हो"–गुटेर्रेसले भने।

विशेषगरी दक्षिण पश्चिमी प्रशान्तले विगत ३० वर्षमा विश्वव्यापी औसतभन्दा दोब्बर बढी समुद्री सतह बढेको अनुभव गरेको छ। कम उचाइ र घना तटीय जनसङ्ख्याका कारण असाधारणरूपमा कमजोर प्रशान्त टापूहरू गम्भीर जोखिमको सामना गरिरहेका छन्।

महासचिवले विश्वव्यापी तापक्रममा २ डिग्री सेल्सियसको वृद्धिले प्रमुख हिमनदी तीव्ररूपमा पग्लिने र परिणामस्वरूप सहस्राब्दीहरूमा समुद्रको सतह २० मिटरसम्म बढ्न सक्ने चेतावनी दिए।

हाल ३ डिग्री सेल्सियसको तापक्रम वृद्धितिर औंल्याउँदै भविष्यमा सोचेभन्दा विनाशकारी स्थितिको पूर्वानुमान गर्न सकिने राष्ट्रसङ्घले जनाएको छ।

गुटेर्रेसले सन् २०३० सम्म तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्नुपर्ने र उत्सर्जनमा ४३ प्रतिशत कमी ल्याउनुपर्ने बताए। उनले सन् २०२५ सम्म अद्यावधिक जलवायु कार्य योजना पेश गर्न सरोकारवालालाई निर्देशन दिएका छन्। साथै उनले नवीकरणीय ऊर्जालाई बढावा दिंदै जीवाश्म इन्धनको युग अन्त्य गर्न आग्रह गरेका छन्।

उनले आर्थिकरूपमा कमजोर मुलुकका लागि सहयोग बढाउन आह्वान गर्दै धनी मुलुकलाई आफ्नो जलवायु वित्त प्रतिबद्धता पूरा गर्न आग्रह गरे।

गुटेर्रेसले जलवायु परिवर्तनसम्बन्धी नवीन वित्तपोषण र न्यायसङ्गत सङ्क्रमण रणनीतिको आवश्यकतामा जोड दिएका छन्। रासस

## युक्रेनी ऊर्जा केन्द्रमा रूसी हमला

वाशिङ्टन, ११ भदौ/एएफपी

अमेरिकी राष्ट्रपति जो बाइडेनले रूसले सोमवार युक्रेनी ऊर्जा केन्द्रमा गरेको हमलाको निन्दा गर्दै कियभलाई आफ्नो निरन्तर समर्थन रहने वाचा गरेका छन्।

रूसले सोमवार युक्रेनमा सयौं ड्रोन तथा क्षेप्यास्त्र प्रहार गर्दा कम्तिमा चार जनाको मृत्यु हुनुका साथै युक्रेनको ऊर्जा केन्द्र ध्वस्त भएको अधिकारीहरूले बताएका छन्।

यसै सन्दर्भमा अमेरिकी राष्ट्रपति बाइडेनले भने– "युक्रेनविरुद्ध रूसको निरन्तर आक्रमण र युक्रेनी जनतालाई अन्धकारमा डुबाउने प्रयासको कडा रूपमा निन्दा गर्दछु।"

युक्रेनमा पछिल्लो समय मस्कोले गरेको आक्रमणले 'ब्ल्याकआउट' (ऊर्जा सङ्कट) शुरू भएको छ। कियभले रूसको कुर्स्क क्षेत्रको भूभाग नियन्त्रणमा लिएको दाबी गरेपछि यो अवस्था आएको जनाइएको छ।

सन् २०२२ फेब्रुअरीको आक्रमणपछि रूसले युक्रेनमा बारम्बार ऊर्जा केन्द्र लक्षित ड्रोन तथा मिसाइल आक्रमणहरू गरिरहेको छ। रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | विजय | वृष | कान्तिक्षय |
| मिथुन | भाग्योदय | कर्कट | बेचैनी |
| सिंह | मनोरञ्जन | कन्या | सफलता |
| तुला | राज्यभय | वृश्चिक | विवाद |
| धनु | यात्रालाभ | मकर | शत्रुभय |
| कुम्भ | कार्यनाश | मीन | उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### त्यो रुन्चे ...

सप्तकोशी एफएममा कार्यरत सन्दीप भट्टले काठमाडौं गएर रेडियो अडियोमा काम गर्न सुझाव दिए। सुझाव मात्र दिएनन्, रेडियो सञ्चालक दीपेन्द्र खनियालाई टेलिफोन गरेर संवाद गराए।

विसं २०७२ को भूकम्पपछि उनी काठमाडौं आए। खनियालाई भेट्न रेडियो अडियो पुगे। उनको प्रस्तुतिहरू सुनिसकेपछि नभन्दै खनियाले जागीर दिए। काठमाडौंमा टिक्नकै लागि भए पनि उनी फेरि रेडियोमा बोल्न थाले। तर यहाँको रेडियोको प्लेटफर्म र रतुवामाईको प्लेटफर्मबीच आकाश जमीनको भिन्नता थियो। यहाँ राष्ट्रियस्तरका कलाकारहरूसँग दैनिक भेट भइरहन्थ्यो। चिनजान हुन थाल्यो।

यही क्रम चलिरहँदा २०७४ सालको वैशाखमा एकाएक वरिष्ठ हास्य कलाकार हरिवंश आचार्यले टेलिफोन गरेर उनलाई एउटा कामको प्रस्ताव गरे। सुमनलाई उक्त प्रस्ताव सपना हो कि विपना भनेर छुट्याउन आफैंलाई चिमोट्नुपऱ्यो। आचार्यको उपन्यास 'हरिबहादुर' विमोचनमा एउटा प्रहसन गर्नु थियो। यसमा पत्रकार ऋषि धमलाको अभिनय सुमनले गर्नुपर्ने थियो। आचार्यले दीपेन्द्र खनियालाई सोध्दा सुमनको नाम सिफारिश गरेका रहेछन्। त्यसपछि हरिवंशले सुमनलाई पुस्तक विमोचनको दिन नेपाल प्रज्ञा-प्रतिष्ठानको डबलीमा र पछि देश दौडाहामा सँगै लगे।

"त्यो क्षण मेरा लागि एउटा कलाकारले ओस्कार अवार्ड पाएभन्दा ठूलो थियो"–कफी सकिएपछि कालो चिया मगाउँदै उनले भने–"पहिलो दिन डबलीमा हरिवंश दाइसँग अभिनय गर्दा त मैले पूरै बेहोशीमैं गरें। अहिले पनि त्यो भिडियो हेर्दा त्यतिबेला म होशमा थिएँ जस्तो लाग्दैन।" तर हरिवंश आचार्यसँगको त्यो कामले उनलाई धेरै कुरा सिकायो। अनुशासन, दर्शकसँग गर्नुपर्ने व्यवहार, विनम्रता, हास्यव्यङ्ग्य प्रस्तुति र लेखनमा ध्यान दिनुपर्ने विषय आदि सिक्न पाए।

त्यसपछि उनी 'कमेडी च्याम्पियन' नामक प्रतियोगितामा सहभागी भए। विजेता हुन नसके पनि प्रतियोगिताले परिचय थप फराकिलो बनाइदियो। पछि 'डान्सिङ स्टार' नामक 'रियालिटी शो'को प्रस्तोताको भूमिका पनि निर्वाह गरे। 'कमेडी क्लब विथ च्याम्पियन' नामक टेलिभिजन शोमा विभिन्न भूमिकामा देखिए। केही चलचित्रमा अभिनय गरे। उनकै भनाइमा आफूले थाहा पाउनेगरी धेरैवटा र दर्शकले थाहा पाउनेगरी दुईवटामा अभिनय गरिसकेका छन्। ती दुई चलचित्र 'दिमाग खराब' र 'महजात्रा' हुन्।

#### सामाजिक विषयमा व्यङ्ग्य

हास्यका विविध विधा छन्। त्यसमध्ये सुमन सामाजिक विषयवस्तुमा व्यङ्ग्य गर्छन्। उनी प्रहसन, 'मिमिक्री', 'स्ट्यान्ड अप' कमेडी गर्छन्। उनको कमेडी पुरानो पुस्ताका कमेडियनभन्दा आधुनिक छन्। तर अहिलेका युवा पुस्ताझैं उत्तर आधुनिक पनि हैन।

"अहिलेका युवा र पुरानोको बीचमा परियो। म अलि पुरानो पुस्ताको कमेडियन हेरेर हुर्किएँ। कमेडीको विभिन्न फर्म्याट छन्। मैले मह जोडीको प्रहसन, दीपक दीपा, जितु नेपालको सिरियल हेरेर हुर्किएको हु", उनी भन्छन्–"अहिलेको 'यङ जेनेरेशन'को कमेडी चाहिं पूरै युवाले मात्र मन पराउने शहरिया र विदेशी किसिमको देखिन्छ।"

उनले सामाजिक विषयवस्तुमा कमेडी गर्न मनपर्ने बताए। "मलाई सामाजिक विषय मनपर्छ। म गाउँको मान्छे। यही समाजमा हुर्केको भएकोले मलाई यही विषय थाहा हुन्छ। धेरैजसो दर्शक पनि यही समाजका भएकाले यही मन पराउँछन् जस्तो लाग्छ। नजानेको विषयमा कमेडी त गनु पनि सक्दिनँ होला। सामाजिक विषयमा त मैले देखिरहेका पात्र हुन्छन्"–उनी थप्छन्।

त्यसो त उनलाई हास्य मात्रै नभएर गम्भीर प्रकृतिका अभिनय गर्ने इच्छा पनि छ। तर अहिले 'करिअर'को मध्य अवस्थामा धेरैले आफूबाट हँसाउने अपेक्षा राखेको उनको अनुभव छ। कुनै दिन अवसर मिलेमा 'कमिक क्यारेक्टर' मात्र नभई 'सिरियस क्यारेक्टर' गर्ने धोको पनि छ उनमा।

उनलाई अझै लेखन सिक्ने भोक छ। सदाबहार प्रकृतिका कमेडी गर्न मन छ। "जसरी मह जोडीको पुरानो प्रहसनहरू हेर्दा अझै उस्तै लाग्ने खालको छन्, त्यस्तै, लामो समय जीवन्त हुने कमेडी गर्न मन छ"–सुमन भन्छन्– "हास्यव्यङ्ग्यले हँसाउने मात्र हैन नि, यसबाट अरूले बोल्न नसकेका विषय उठान गर्न सकिन्छ।" सकेसम्म विवादित चीजहरू आफ्ना प्रस्तुतिबाट नआऊन् भनी सधैं कामना गर्छन् उनी।

कलाकारितामा आफूलाई 'अपडेट' र 'अपग्रेड' गर्नुपर्ने चुनौती छ। अबको पाँच वर्षपछि यस्तै कमेडी चल्छ कि चल्दैन? दर्शक पनि अपग्रेड हुन्छन्। इन्टरनेटको दुनियाँ छ। आफूलाई दर्शकले हेर्ने बन्न आफैं गतिलो हुनुपर्छ। कस्तो हास्यव्यङ्ग्य दर्शकले मन पराउँछन् होला? उनी भन्छन्–"म यही क्षेत्रमा टिक्नुसक्छु कि सक्दिनँ होला भन्ने चिन्ता प्रमुख हो।"

कमेडी, कलाकारिता र अभिनयबाट जीविका चलाउन भने सहजै छ। केही महीनाअघि मात्रै अमेरिकाको विभिन्न राज्यमा १२ वटा कार्यक्रम गरी दुई महीना बिताएर फर्केका उनी यही भदौ १३ गते युरोप टुरका लागि उड्ने तयारीमा छन्। भदौको १५ गते पोल्यान्डबाट शुरू हुने कार्यक्रम एक महीनामा सकिन्छ। यसपटकको युरोप यात्रामा पोल्यान्ड, बेल्जियम, जर्मनी, फ्रान्स, फिनल्यान्ड, स्पेन, माल्टा, पोर्चुगल, नर्वे र डेनमार्कमा १२ वटा कार्यक्रम छन्।

विदेश यात्राको शुरूआत कमेडी च्याम्पियनले पहिलोपटक दुबई लगेर गराएको थियो। विशेष कार्यक्रम र यात्राको क्रममा उनी 'भ्लगिङ' पनि गर्छन्। भ्लगिङ गर्दा अपडेट हुने, संस्मरणका रूपमा रहने उनको अनुभव छ। अलिअलि फोन खर्च पुग्ने पैसा नि युट्युबबाट प्राप्त हुने उनले बताए।

"मेहनत गरियो, आफूसँग कन्फिडेन्स छ र भाग्यले नि साथ दियो भने कमेडीबाट राम्रो कमाइ हुने रहेछ"– उनले भने–"तर अति उत्साही भइहाल्नु नि हुन्न, धेरै कुरामा ख्याल गर्नुपर्छ। कलाकारिता पेशा त्यति सहज पनि छैन।"

हाँस्नु जति सजिलो छ, हँसाउनु उत्तिकै गाह्रो काम हो। बरु कसैलाई भावुक बनाएर रुवाउन सजिलो होला तर कसैलाई आत्मादेखि हँसाउनु कठिन हुन्छ। आफैंभित्रका हजारौं दु:खहरू लुकाएर पनि हास्यव्यङ्ग्य कलाकारहरूले दर्शकहरूलाई हँसाइरहेका हुन्छन्।

विश्वचर्चित कवि पाब्लो नेरूदाले भनेका छन्–"हाँसो आत्माको भाषा हो"। कुनै बेलाको एउटा रुन्चे बालक सुमन अहिले नेपाली दर्शकको आत्माको भाषा बुझ्ने लहरमा दौडिरहेका छन्।




**नेपाल राष्ट्र बैंक**

**वीरगंज कार्यालय**

## तोडाचलानका लागि सवारीसाधन (बस, ट्रक तथा जीप) भाडामा लिनेबारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथमपटक प्रकाशित मिति : २०८१/०५/१२)**

नेपाल राष्ट्र बौक, वीरगंज कार्यालयको कार्य क्षेत्र अन्तर्गतका नोट कोष/भारु कोष रहेका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका तोकिएका शाखाहरूमा तथा नेपाल राष्ट्र बैंकका विभिन्न विभाग तथा कार्यालयहरूमा तोडाचलान (Fund Transfer) कार्यको लागि आवश्यक परेको बखत सवारीसाधन (बस, ट्रक तथा जीप) भाडामा लिनुपर्ने भएकाले सम्झौता भएको मितिबाट शुरू भई मिति २०८२ असार मसान्तसम्मका लागि सवारीसाधन (बस, ट्रक तथा जीप) भाडामा दिन इच्छुक कालोसूचीमा नपरेका फर्म/कम्पनीहरूबाट निम्न शर्तहरूको अधीनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

१. सिलबन्दी दरभाउपत्र फाराम यस बैंकको वीरगंज कार्यालयबाट पछि फिर्ता नहुने गरी रु १,०००।०० (अक्षरेपि एक हजार मात्र) ना.नो.आ.हि. फुटकर अन्य आम्दानी हिसाब (१७००००० /०३०/०१२/५२४)मा मिति २०८१/०५/२६ गते दिउँसो ४:०० बजेभित्र नगद जम्मा गरी यस बैंकको वीरगंज कार्यालयबाट खरीद गर्न सकिनेछ।

२. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १६औं दिन मिति २०८१/०५/२७ गते (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो १२:३० बजेभित्र यस बैंकको वीरगंज कार्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नुपर्नेछ। यस कार्यालयबाट खरीद गरेको आधिकारिक दस्तखत र छाप भएको फाराममा सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ।

३. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १६औं दिन मिति २०८१/०५/२७ गते (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो ०२:३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस बैंकको वीरगंज कार्यालयमा दरभाउपत्र खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पुगेको मानिनेछैन।

४. सिलबन्दी दरभाउपत्रका साथ बिड जमानतबापत रु २५,०००।( (अक्षरेपि पच्चीस हजार मात्र) यस बैंकको सन्ड्री क्रेडिटर्स धरौटी हिसाब (१७०९९९९/०११/००४/५२४) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ दिन मान्य अवधि भएको सो रकम बराबरको यस बैंकको पक्षमा जारी गरेको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न हुनुपर्नेछ।

५. सिलबन्दी दरभाउपत्रसम्बन्धी अन्य शर्तहरू दरभाउपत्र फाराम, सार्वजनिक खरीद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरीद विनियमावली, २०७१ (पाँचौं संशोधन, २०७९ समेत)मा उल्लेख भएबमोजिम हुनेछ।

६. यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, वीरगंज कार्यालय, आन्तरिक प्रशासन फाँट (फोन नं ०५१ ५९११६६ एक्सटेन्सन ११४)मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

७. यो सूचना बैंकको वेबसाइट www.nrb.org.np मा समेत प्रकाशित गरिएको छ।

**नेपाल राष्ट्र बैंक**
**वीरगंज कार्यालय**



**चराको आहारा पुतली :** ठुँडले पुतलीलाई च्याप्दै चरा । कतिपय पशुपक्षीले अरू प्राणीलाई आफ्नो आहारा बनाउँदैनन् भने, कतिपयले आहारा नबनाए अस्तित्व नै सङ्कटमा पर्छ । त्यसैले विश्व नै एकअर्काको भरमा चलिरहेको छ भन्न सकिन्छ । शब्दचित्र: जीतलाल श्रेष्ठ/प्रतीक

## अवरुद्ध हेटौंडा-काठमाडौं सडक खुल्यो

बागमती, ११ भदौ/रासस

पहिरोका कारण अवरुद्ध हेटौंडा-काठमाडौं सडक मङ्गलवारदेखि सञ्चालनमा आएको छ। सडक विभागले पहिरो हटाएसँगै अवरुद्ध सडक खुलेको हो ।

जिल्ला प्रहरी कार्यालय, मकवानपुरका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीका अनुसार मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-३ मा वर्षाका कारण पहिरो गएको थियो ।

यस्तै, कान्ति लोकपथस्थित मकवानपुरको भीमफेदी गाउँपालिका-८ महादेवटार सडकखण्डसमेत पहिरोको कारण अवरुद्ध भएको थियो । अहिले उक्त सडकसमेत सञ्चालनमा आएको प्रनाउ भण्डारीले बताए ।

### बजार छपकैया ...

गाईजात्रा देखाएको आरोप लगाए ।

वडासदस्य पिन्टु साह कानूले भने अरुणको घरअगाडि काकाको घर रहेको र सोही स्थानमा धारा जडान गरिएको बताए । उनले तीन महीना अघि पानीको समस्या भएको बेला धारा जडान भएको तर अहिले विवाद सिर्जना गराउन खोजिएको आरोप लगाए ।


## विपद् व्यवस्थापनमा सहयोगी बनौं

- विपद्ले आपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपद्मा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवन रक्षाका लागि सहयोग गरौं,
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुर क्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, ज्येष्ठ नागरि क र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं,
- उद्धार, राहत, पुनर्स्थापना, पुनर्लाभ सहभागी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


### सेढवाको ...

विकास लघुवित्त वित्तीय संस्था लिमिटेडमा पनि महिला समूहले दुईवटा डेक्सटप कम्प्युटर तोडफोड गरी चकनाचुर बनाइदिएका छन् । कामै नलाग्ने गरी फुटाइएको र विभिन्न कागजात नियन्त्रणमा लिएको सो वित्तीय संस्थाले जनाएको छ ।

'लघुवित्त तथा वित्तीय शोषणविरुद्धको सङ्घर्ष समिति नेपाल' ले घटनाको जिम्मा लिएको छ। सरकार र सङ्घर्ष समितिको कार्यदलले बनाएको प्रतिवेदन लघुवित्तले कार्यान्वयन नगरेकाले आफूहरू सङ्घर्षमा उत्रन बाध्य भएको सङ्घर्ष समितिका मधेस प्रदेश अध्यक्ष अर्जुन विश्वकर्माले बताए । "अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंकका प्रतिनिधिका साथै सङ्घर्ष समितिले मेहनत गरेर बनाएको प्रतिवेदन कार्यान्वयनमा आएन। पीडितहरूले पीडा खप्न नसकेपछि कारबाही भएको हो," अध्यक्ष विश्वकर्माको भनाइ छ।

यसैबीच, आगजनीमा संलग्न रहेको आरोपमा प्रहरीले करीब १० जना महिलालाई नियन्त्रणमा लिएको छ । इलाका प्रहरी कार्यालय, गोलबजारका प्रमुख प्रहरी निरीक्षक सुनील कार्कीले महिला पक्राउ परेकोबारे पुष्टि गरेका छन् । अनुसन्धान भइरहेको प्रनि कार्कीले बताए। अराजक शैलीमा वित्तीय संस्थामा आगजनी भएको हुँदा यस घटनालाई गम्भीररूपमा लिएर अनुसन्धान थालेका छौं, उनले जानकारी गराए ।

### दुई दलीय ...

भएको बताउनु लज्जास्पद भएको टिप्पणी गर्दै अध्यक्ष साहले आफैंले बनाएको संविधान कार्यान्वयन नहुँदै संशोधनको कुरा गर्नुभन्दा पहिला नेपाली जनतासँग माफी माग्नुपर्ने जिकिर गरे । आफैंले उत्कृष्ट संविधान बनाएको भन्दै गर्व गर्ने नेताहरूले अहिले आएर संशोधन गर्ने कुरा गर्दा लज्जास्पद अभिव्यक्ति भएको भन्दै उनले जनतासँग पहिला माफी माग्नुपर्ने अनि संविधान खारेज गर्नुपर्ने बताए ।

उनले देशमा भ्रष्टाचार बढेको, महँगीले आकाश छोएको, सरकारले मनपर्दो तरीकाबाट कर असुलिरहेको, देशमा लुटतन्त्र बढेको अवस्थामा समृद्धिको सपना देख्न नसकिने भन्दै यी सबै बेथितिविरुद्ध आम जनताको शासन व्यवस्था कायम गर्नका लागि तेस्रो जनान्दोलनको आवश्यकता रहेको बताए।

दुई दिनसम्म चल्ने बैठकमा तेस्रो जनआन्दोलनको रणनीति तय गर्नेबारेमा गम्भीर छलफल हुने उनले प्रस्टचाए ।

महासचिव त्रिभुवन साहले अब हुने तेस्रो जनआन्दोलनबाट आम जनताको शासन व्यवस्थामा सहभागिताको सुनिश्चित हुने दाबी गरे । बैठकले अब हुने आन्दोलन शसक्त र कडा बनाउने योजनासहित अगाडि बढ्ने बताए। प्रवक्ता चन्द्रभूषण साहले विद्यार्थीको अनुपातमा मधेसमा शिक्षकको व्यवस्था सरकारले गराउन नसकेको बताए ।

तेस्रो जनआन्दोलनको बारेमा मात्रै नभई विगतका आन्दोलनको समीक्षा गर्दै अगाडि बढ्नेबारेमा छलफल गर्दै पार्टी पदाधिकारी र केन्द्रीय सदस्यहरूको जिम्मेवारसमेत सोही अनुसार आन्दोलन कार्यविभाजन समेत हुने स्थायी कमिटीका सदस्य रवीन्द्र सिंहले बताए ।

# खेलकूदको संसार

## १०औं राष्ट्रिय खेलकूदलाई लिएर पर्साका खेलाडीमा अन्योलता
## दुई खेलमा मात्र प्रशिक्षक, ३६ खेल स्वयंसेवकको भरमा

प्रस, वीरगंज, ११ भदौ/

आगामी मङ्सिर २-९ गतेसम्म कर्णाली प्रदेशमा हुने १०औं राष्ट्रिय खेलकूद प्रतियोगितालाई लिएर पर्साका खेलाडीहरू चिन्तितमा छन् ।

चिन्तित हुनुको कारण यो जिल्लामा लामो समयदेखि विभिन्न खेलका प्रशिक्षक नहुनु हो । १०औं राष्ट्रिय खेलकूद प्रतियोगितामा कराँते, बक्सिङ, जुडो, कुश्ती, कबड्डी, एथलेटिक्स, ब्याडमिन्टन, जुडो, टेबल टेनिस, बुद्धिचाल, फुल



कन्टेक्ट कराँते, कोकोसिन कराँते, भलिबल, फूटबल, खोखो, रगडी, स्वीमिङ, उसु, क्रिकेट, तेक्वान्डोलगायत ३८ विधाका खेलहरूमा प्रतिस्पर्धा हुन्छ ।

तर पर्सा जिल्लामा भने ३८ खेलमध्ये दुई खेलका लागि तीनजना प्रशिक्षक मात्र छन् । लामो समयदेखि तेक्वान्डोका दुईजना प्रशिक्षक महमद सकिल र नाजिर हुसेन अन्सारी स्थायी छन् भने जुडोमा करारका सहायक प्रशिक्षक पृथ्वी कुशवाहा छन् । यी तीनजना प्रशिक्षकबाहेक जिल्लामा सरकारबाट नियुक्त अन्य खेलका प्रशिक्षकहरू छैनन् ।

कराँते, बक्सिङ, जुडो, कुश्ती, कबड्डी, एथलेटिक्स, ब्याडमिन्टन, टेबल टेनिस, बुद्धिचाल, फुल कन्टेक्ट कराँते, कोकोसिन कराँते, भलिबल, फूटबल, खोखो, रगडी, स्वीमिङ, उसु, क्रिकेट खेलमा भने अहिलेसम्म स्वयंसेवक प्रशिक्षकहरू कार्यरत छन् । उनीहरूले खेलाडीबाट शुल्क असुल गरेर अथवा निश्शुल्क प्रशिक्षण दिंदै आएका छन् । स्वयंसेवा भएकोले तेक्वान्डो र जुडोबाहेक अन्य खेलहरूको नियमित प्रशिक्षण भइरहेको छैन ।

यस अवस्थामा १०औं राष्ट्रिय खेलकूदमा पर्सा जिल्लाबाट खेलाडीहरू उच्च मनोबलका साथ प्रतिस्पर्धा गर्न नसक्ने एकजना खेलाडीले बताए । अहिले पालिका, प्रदेश र सङ्घ गरी तीन तहका सरकार भएका बेलामा पनि तीन तहका सरकारहरूले खेलप्रति चासो नराखेको ती खेलाडीले गुनासो गरे ।

प्रशिक्षकहरू खेलाडीले दिएको शुल्कमा बाँच्नुपर्ने अवस्थामा खेलको गुणस्तरीयता मापन गर्न सकिन्छ, ती खेलाडीले बताए। स्वयंसेवक प्रशिक्षकबाट पाएको ज्ञान, सीपका आधारमा केही खेलहरूमा खेलाडी प्रतिस्पर्धामा उत्रन सक्छन् तर अधिकांश भने सफल हुन नसकेको उनले बताए ।

## पोखरामा राष्ट्रिय पुरुष तथा महिला भलिबलको तयारी

कास्की, ११ भदौ/रासस

हरितालिका तीजका अवसरमा-पोखराको लामाचौरमा राष्ट्रिय पुरुष तथा महिला भलिबल प्रतियोगिता हुने भएको छ।

नवआदर्श सामुदायिक विकास समाज (नाकोड्स)को आयोजनामा २६औं संस्करणको 'लामाचौर तीज महोत्सव-२०८१'मा लामाचौर कप राष्ट्रिय भलिबल प्रतियोगिता हुने भएको छ ।

राष्ट्रिय पुरुष तथा महिला भलिबलमा दुवैतर्फ नेपालका तीन विभागीय टोलीसहित पाँच/पाँच टोलीले प्रतिस्पर्धा गर्नेछन्।

महिला राष्ट्रिय भलिबलतर्फ विभागीय सशस्त्र प्रहरी बलको एपिएफ क्लब, नेपाल पुलिस क्लब, नेपाल आर्मी क्लब, न्यू डायमन्ड युथ स्पोर्ट्स क्लब र न्यू एभरेस्ट भलिबल क्लब बुटवलले भाग लिनेछन् ।

यसैगरी, पुरुषतर्फ विभागीय सशस्त्र प्रहरीको एफिएफ क्लब, नेपाल पुलिस क्लब, नेपाल आर्मी क्लब, गण्डकी प्रदेश भलिबल टीम र मणिमुकुन्द भलिबल क्लब बुटवलबीच प्रतिस्पर्धा हुने आयोजक क्लबका अध्यक्ष स्वागतसिंह भण्डारीले बताए ।

प्रतियोगिताको महिला तथा पुरुष दुवैतर्फ विजेताले समान रु एक लाख ५० हजार १११, उपविजेतालाई रु एक लाख १११, तेस्रोलाई रु ५० हजार १११ नगद पुरस्कारका साथै शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ ।

सर्वोत्कृष्ट खेलाडी एवं विधागत पुरस्कारको व्यवस्था पनि गरिएको अध्यक्ष भण्डारीले बताए । भलिबल भदौ १८ गतेदेखि नै सञ्चालन हुनेछ ।

## एशियन जुनियरमा नेपालबाट चारजना खेलाडी

काठमाडौं, ११ भदौ/रासस

एशियन बक्सिङ कन्फेडेरेशनको आयोजनामा संयुक्त अरब इमिरेट्सको अबुधाबीमा हुने एशियन जुनियर तथा स्कूल ब्वाइज एन्ड गर्ल्स बक्सिङ प्रतियोगितामा नेपालबाट चारजना पुरुष खेलाडीले सहभागिता जनाउनेछन् ।

राष्ट्रिय खेलकूद परिषद् (राखेप)का सदस्यसचिव टङ्कलाल घिसिङले मङ्गलवार आयोजित एक कार्यक्रममा सहभागी टोलीलाई देशको नाम उच्च राख्ने गरी खेल प्रदर्शन गर्न शुभकामना दिंदै बिदाइ गरे ।

यही भदौ ११ देखि २५ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा विभिन्न देशका १३ देखि १६ वर्ष उमेर समूहका करीब ४५० जनाभन्दा बढी खेलाडीको सहभागिता रहने बताएइको छ ।

उक्त प्रतियोगिताका लागि नेपालभरका १७५ जना खेलाडीमध्ये उत्कृष्ट खेलाडीको छनोट गरेको नेपाल बक्सिङ महासङ्घका अध्यक्ष राम अवालेले जानकारी दिए। जसमा जुनियर ४६ किलो तौल समूहमा चन्दन शाही, ६० किलो तौल समूहमा शेरप गल्चेन शेर्पा, ८० किलोमा सर्यन बैध र ६१ किलो तौल समूहमा रोमस श्रेष्ठले प्रतिस्पर्धा गर्नेछन् । यस्तै, प्रशिक्षकमा रमेशदास श्रेष्ठ र निर्णायकमा धनकुमार मैनालीले भाग लिनेछन्। नेपाली टोली आज राति दुबई प्रस्थान गर्नेछ।

## उपाधिका लागि नेपाल र बङ्गलादेश भिड्ने

काठमाडौं, ११ भदौ/रासस

दक्षिण एशियाली फूटबल महासङ्घ (साफ) यू-२० च्याम्पियनपशिप फूटबल प्रतियोगिताको उपाधि भिडन्तमा नेपाल र बङ्गलादेशबीच प्रतिस्पर्धा भएको छ ।

सातदोबाटोस्थित अखिल नेपाल फूटबल सङ्घ (एन्फा) कम्प्लेक्सको खेलमैदानमा भोलि फाइनल भिडन्तमा दुवै टोलीले उपाधि जित्ने लक्ष्यका साथ मैदानमा उत्रनेछन् ।

नेपाली राष्ट्रिय यू-२० टोलीका मुख्य प्रशिक्षक उर्जन श्रेष्ठले करीब ४५ दिन एन्फा मुख्यालयमा नै साफ च्याम्पियनशिपका लागि तयारी गरेको हुँदा फाइनल खेल पनि सोही स्थानमा हुने भएकोले आफ्नो टोलीलाई फाइदा पुग्ने बताए । यही भदौ ६ गते भएको समूह चरणको खेलमा नेपालले बङ्गलादेशलाई २-१ गोलअन्तरले पराजित गरेको थियो । प्रशिक्षक श्रेष्ठले समूह चरणको जीतले केही अर्थ नराख्ने भन्दै फाइनल खेलका लागि आफ्नो टोली तयारी अवस्थामा रहेको बताए ।

श्रेष्ठले भने, "बङ्गलादेश एकदमै राम्रो टोली हो। हिजो भारतजस्तो बलियो टोलीलाई उसले हराएको छ। त्यसैले भोलि निकै प्रतिस्पर्धात्मक खेल हुने अनुमान गरेको छु।" हिजो भएको सेमिफाइनल खेलमा बङ्गलादेशले भारतलाई पराजित गर्दै फाइनल यात्रा तय गरेको थियो ।

त्यस्तै, बङ्गलादेशका मुख्य प्रशिक्षक एकेएम मरूफुल हाकीले नेपाललाई मैदानको फाइदा रहे पनि आफूहरूको मनोबल उच्च रहेको र जीतकै लागि खेल्ने प्रतिक्रिया दिए । प्रशिक्षक हाकीले यस अघि समूह चरणको खेलमा नेपालसँग आफ्नो टोली पराजित भएपनि भोलिको खेलमा उपाधि जित्ने मनोबलका साथ खेल प्रदर्शन गर्ने विश्वास व्यक्त गरे । नेपाल र बङ्गलादेशबीचको फाइनल खेल दिउँसो २:३० बजेदेखि शुरू हुनेछ ।